मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष १ | अंक १४० | २०७९ साल चैत १८ गते शनिबार | Saturday 1, Apr. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

## १७ सदस्यीय मन्त्रिमण्डल, १२ नयाँ थपिए, ६ मन्त्रालय रिक्त



मधेशदृष्टि
वीरगंज, १७ चैत ।
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रधानमन्त्री भएको तीन महिनामा सातौँ पटक शुक्रबार मन्त्रिमण्डल विस्तार गरेर १२ सदस्य थप गरेका छन् । यद्यपि अझै ६ मन्त्रालय रिक्त छ ।

नवनियुक्त मन्त्रीले शुक्रबार शपथ लिए । राष्ट्रपति रामचन्द्र पौडेलले मन्त्रीहरुलाई पथ तथा गोपनीयताको शपथ खुवाए । प्रधानमन्त्रीले कांग्रेस, नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टीका सांसदहरुलाई मन्त्रिण्डलमा समेटेका हुन् ।

१२ नयाँ अनुहारमा कांग्रेसबाट ४ मन्त्री बनेका छन् । पूर्णबहादुर खड्का उपप्रधानमन्त्री तथा रक्षा, प्रकाशशरण महत अर्थ, रमेश रिजाल उद्योग वाणिज्य तथा आपूर्ति र सीता गुरुङ सहरी विकास मन्त्री बनेका छन् । त्यस्तै, माओवादीबाट शक्ति बस्नेतले ऊर्जा, जलस्रोत तथा सिचाइँ मन्त्रालयको जिम्मेवारी पाएका छन् । एकीकृत समाजवादीबाट वेदुराम भुसाललाई कृषि तथा पशुपंक्षी विकास र प्रकाश ज्वालालाई भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको जिम्मा दिइएको छ ।

जसपाबाट अशोक राई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री बनेका छन् । लोसपाबाट शरतसिंह भण्डारी श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री बन्दा नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठ चौधरी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बनेकी छिन् । नेपाल समाजवादी पार्टीका अध्ययक्षसमेत रहेका महिन्द्र राय यादव महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको जिम्मेवारीमा पुगेका छन् ।

## शेख दाजुभाइलाई अभिनन्दनसहित मोटरसाइकल उपहार



मधेशदृष्टि
वीरगंज, १७ चैत ।
आइसिसी विश्वकप लिग २ मा नेपालको तर्फबाट उत्कृष्ट प्रदर्शन गरेका वीरगंजका दुई खेलाडीलाई वीरगंज महानगरपालिकाले शुक्रबार नगरवासीका तर्फबाट नागरिक अभिनन्दन गरेको छ । वीरगंजको घण्टाघरबाट बाजागाजा र र्‍यालीसहित आदर्शनगरस्थित पुरानो बसपार्कमा आयोजित नागरिक अभिनन्दनमा महानगरपालिकाका प्रमुख राजेशमान सिंहले नेपाली राष्ट्रिय क्रिकेट टिमका सहोदर दाजुभाई आरिफ शेख र आसिफ शेखलाई अभिनन्दन पत्रसहित फूलमाला अबिर, दोसल्ला ओढाएर सम्मानित गरे ।

नगर प्रमुख सिंहले वीरगंज महानगरका तर्फबाट दुवै खेलाडीलाई एक-एक थान यामाहा एफजेडएफआइ मोटरसाइकल पुरस्कारस्वरुप प्रदान गरे । कार्यक्रममा नगर प्रमुख सिंहले नेपाललाई विश्वकप क्वालिफायरमा पुऱ्याउन विशेष भूमिका निर्वाह गरेका शेख दाजुभाइ वीरगंजका गौरव र गहना भएको बताए । शेख दाजुभाइले महानगरले गरेको सम्मानप्रति आभार व्यक्त गर्दै नगरवासीका तर्फबाट वीरगंज महानगरपालिकाले आयोजना गरेको नागरिक अभिनन्दान कार्यक्रमले आफूहरुलाई अझ हौंसला थपिदिएको बताए । खेलाडी आसिफ शेखले गृहनगरमा महानगरपालिकाबाट नागरिक अभिनन्दनसहित उच्च सम्मान पाउदा आफूहरुको अब वीरगंजप्रतिको जिम्मेवारी अझ बढेको भन्दै खुशी व्यक्त गरे । वीरगंजको आदर्शनगरस्थित पुरानो बसपार्कमा आयोजित नागरिक अभिनन्दन कार्यक्रममा वीरगंज महानगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, उद्योगी, व्यवसायीको सहभागिता थियो ।

## उद्योगमा दुई वटा शपथ, संयोग मात्रै होईन




मधेशदृष्टि
वीरगंज, १७ चैत ।
लामो समयको प्रतीक्षापछि शुक्रबार वीरगंज तथा पर्साका लागि भएका दुई वटा शपथ संजोग मात्रै हो कि यसले विशेष अर्थ राख्छ, हेर्न बाँकी छ । तर एकसाथ दुई शपथका कार्यक्रम भएका छन् । वीरगंज उद्योग वाणिज्य संघको नवनिर्वाचित पदाधिकारी तथा सदस्यको होटल कलार्क्स रिसोर्टमा शपथग्रहण भएको छ । कार्यक्रममा नवनिर्वाचित अध्यक्ष अनिल कुमार अग्रवालले आर्थिक संकटबाट गुज्रिएको उद्योग व्यवसायलाई माथि उकास्ने आफ्नो जिम्मेवारी भएको बताए । त्यसैगरी, संयोग अर्को पनि परेको छ, पर्साका लागि । पर्सा क्षेत्र नम्बर ४ बाट निर्वाचित सांसद रमेश रिजाल उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री बनेका छन् । उनले पनि शुक्रबार नै शपथ ग्रहण गरेका छन् । शपथ ग्रहणसँगै रिजालले पनि आर्थिक संकटबाट गुज्रिएको उद्योग र व्यापारिक क्षेत्रलाई माथि उठाउने बताए । उद्योग वाणिज्य संघको शपथ र रिजालको शपथले एउटै कुरा उठाएको छ, त्यो हो, हाल संकटमा परेको उद्योग व्यापारलाई माथि उकास्ने, साँच्चि नै अब खस्किएको उद्योग व्यापार माथि उठने अपेक्षा गर्न सकिन्छ ? या शपथका बेला उठेका मुद्दा मात्रै हुन् र औपचारिक सम्बोधनको विषयमै सीमित रहला यो प्रतिवद्धता ?

## सम्झौताभन्दा बढी रकम भुक्तानी तर निर्माण अधुरै

### हुलाकी राजमार्गमा भ्रष्टाचार



मधेशदृष्टि
जनकपुरधाम, १७ चैत ।
हुलाकी राजमार्ग योजना कार्यालय जनकपुर र हुलाकी राजमार्ग योजना कार्यालय पर्सा अन्तर्गत निर्माण हुने विभिन्न सडक र पुलको सम्झौताभन्दा बढी रकम भुक्तानी गरेर भ्रष्टाचार भएको भएको पाइएको छ । र, पटकपटक म्याद थपपछि अन्तिम पटकका लागि चैत ३० गतेसम्मको म्याद रहेपनि निर्माण सम्पन्न हुने अवस्था भने छैन ।

हुलाकी राजमार्ग योजना कार्यालय पर्साले जमुनी खोला पुल निर्माण गर्न २०६६ असार ३० गते एक निर्माण व्यवसायीसँग सम्झौता गरेको थियो । ४ करोड ३० लाख ५० हजार रुपैयाँमा सम्झौता गरिएको ३१ महिनामा निर्माण सम्पन्न गरिसक्नुपर्नेमा ठेक्काको म्याद सकिएपछि पटक-पटक म्याद थपिएको छ ।

२०७१ चैत मसान्तसम्मका लागि हुलाकी राजमार्ग निर्देशनालयका महानिर्देशकबाट म्याद थप गरिएको थियो तर पछि फेरि सुपरिन्टेन्डेन्ट इन्जिनियरबाट २०७८ मंसिर १९ गतेसम्म १० प्रतिशत जरिवाना लगाएर म्याद थप भएको थियो । म्याद थप गर्दा पनि एप्रोच रोड र नदी नियन्त्रणका बाँकी कामहरू हुन सकेको छैन ।

हुलाकी राजमार्ग योजना कार्यालय पर्साले बगईखोला पुल निर्माण गर्न २०७४ असार २८ गते ८ करोड २४ लाख ९९ हजार रुपैयाँको लागतमा पुल २०७६ पुस २७ गतेसम्ममा सम्पन्न गर्ने गरी सम्झौता गरिएको थियो । समय अवधिमा काम सम्पन्न नगरेका निर्माण व्यवसायीले २०७८ चैत २ गतेसम्म म्याद थप गर्दासम्म २ करोड २० लाख ३५ हजार रुपैयाँ भुक्तानी पाइसकेको छ ।

पुलको भौतिक प्रगति हेर्ने हो भने एउटा अबुटमेन्ट अधुरो राखेकाले १ वर्षदेखि डण्डीहरू पानीमा डुबेर खिया लागिसकेको छ । योजना कार्यालय पर्साले भालु खोलाको पुल ३ करोड १४ लाख ७७ हजार रुपैयाँको लागतमा निर्माण गर्ने भनेर एक निर्माण व्यवसायीसँग सम्झौता गरेको थियो तर पश्चिमतर्फ खोला रहेकोमा पुल भने खोलालाई छाडेर पूर्वतिर निर्माण भइरहेको छ ।

पुलको हालसम्म वातावरणीय प्रभाव मूल्यांकनसमेत स्वीकृत भएको छैन भने साइटमा जग्गाको विवादका कारण समेत खोला एकातिर र पुल अर्कैतिर निर्माण भइरहेको छ । पुलको निर्माण कार्य खोलामाथि हुनुपर्नेमा खोला नै नभएको स्थानमा पुल निर्माण गरी १ करोड ३७ लाख ५६ हजार रुपैयाँ ठेकेदारलाई भुक्तानी गरिसकिएको छ ।

यस्तै हुलाकी राजमार्ग अन्तर्गतको जनकपुरदेखि भिठामोडसम्मको १९ किलोमिटरको सडक दुई प्याकेजमा ठेक्का सम्झौता भएका छन् । ती दुवै ठेक्का सम्झौताको निर्माण काम सम्पन्न नहुँदै ठेक्का सम्झौता रकमभन्दा बढी रकम भुक्तानी गरिएको हो । जनकपुरबाट ९ किलोमिटरसम्म सडक निर्माण गर्न प्रतिभा/वाईपी जेभीले २०७३ भदौ २३ गते निर्माण सम्पन्न गर्ने गरी ४३ करोड ५६ लाख - *बाँकी पृष्ठ ६ मा*

# एसईईको परीक्षामा पहिलो दिन मधेशमा के के भयो

मधेशदृष्टि
जनकपुरधाम, १७ चैत । यस वर्षको माध्यमिक शिक्षा परीक्षा अर्थात् एसईई परीक्षा शुक्रवारदेखि सुरु भएको छ । अनिवार्य अंग्रेजी विषयको परीक्षा देशभर शान्तिपुर्ण तरिकाबाट सम्पन्न भएपनि मधेश प्रदेशका केही स्थानमा अमार्यदित र अव्यवस्थित देखिएको छ।

एसईई परीक्षाको पहिलो दिन अहिलेसम्म प्राप्त जानकारी अनुसार मधेस प्रदेशको धनुषा जिल्लामा एकजना परीक्षा निरीक्षक पक्राउ पर्नुका साथै एउटा परीक्षा केन्द्रमा एक घण्टा ढिलो गरी परीक्षा सुरु भएको छ। त्यस्तै, बाराको एक परीक्षा केन्द्रबाट परीक्षा सुरू भएको १५ मिनेटभित्रै प्रश्नपत्र आउट भएको थियो ।

धनुषाको लक्ष्मिनीयाँ गाउँपालिकाको सपहीस्थित विपि कोइराला माविका परीक्षा निरीक्षक नागेन्द्र यादव पक्राउ परेका हुन् । यादवले कक्षाकोठा बाहिरबाट प्रश्नपत्रको समाधान गराई आफ्नो मोबाइलमा पठाउन लगाएर विद्यार्थीलाई चिट चोरी गराएको फेला परेपछि पक्राउ गरिएको धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले जानकारी दिए।

जनता आधारभूत माध्यमिक विद्यालय बनिगामा लक्ष्मिनीयाँमा शिक्षक पदमा कार्यरत यादवलाई विपि कोइराला माविको परीक्षा निरीक्षकमा खटाइएको थियो । परीक्षाको पहिलो दिन नै मर्यादाविपरीतको काम गरेपछि उनी पक्राउ परेका छन् ।

परीक्षा निरीक्षकले नै मोबाइल प्रयोग गरी वाट्सअपबाट प्रश्नपत्रको तस्बिर बाहिर पठाउने र सोही माध्यमबाट उत्तर आएपछि उनलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

उता, अंग्रेजी विषयको सट्टा नेपाली विषयको प्रश्नपत्र पुगेपछि धनुषाको औरही गाउँपालिकास्थित मा.वि.चक्कर



परीक्षा केन्द्रमा एक घण्टा ढिलो परीक्षा सुरु भएको थियो। बिहान ८ बजे सुरु हुने परीक्षा करीब ९ बजेरित सुरु भएको थियो ।

प्राविधिक गडबडीका कारण अंग्रेजी विषयको खाममा नेपाली विषयको प्रश्नपत्र पाइएको जिल्ला शिक्षा समन्वय इकाइ धनुषाका प्रमुख युक्त शर्माले जानकारी दिए । त्यस परीक्षा केन्द्रमा मुचुल्का परीक्षा सुरु गरिएको थियो ।

त्यस्तै, बाराको आदर्श कोतवाल गाउँपालिकास्थित महेन्द्र आदर्श जयनगर च्यूटाँहा माध्यमिक विद्यालयको परीक्षा केन्द्रबाट परीक्षा सुरू भएलगत्तै फेसबुकमार्फत प्रश्नपत्र आउट भएको थियो । बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले परीक्षा सुरू भएको १५ मिनेटभित्रै प्रश्नपत्र बाहिर आएको बताए।

केन्द्राध्यक्ष र गार्ड बसेका शिक्षकहरूको लापरबाहीले सामाजिक सञ्जालमार्फत परीक्षार्थीले नै प्रश्नपत्र आउट गरेको हुनसक्ने आशंका छ। प्रश्नपत्र बाहिररिएको विषयमा सोधपुछ गर्न प्रहरीले दुई जनालाई नियन्त्रणमा लिएको छ । बिद्यार्थीले नै प्रश्नपत्रको फोटो खिचेर बाहिर साथीहरूलाई सामाजिक सञ्जालमा पठाएको पाइएको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले बताए।

यस्तै महोत्तरी, सिरहा, सप्तरी, पर्सा र रौतहट जिल्लाहरुका अधिकांश परीक्षा केन्द्रहरुमा खुलेआम रुपमै चिट चोरी भएको बुझिएको छ। स्थानीय प्रशासन र निरिक्षकको मिलोमतो तथा लापरवाहीका कारण परीक्षा केन्द्रहरुमा चिटचोरी भएको हो।

### सुरक्षाकर्मीको मृत्यु

महोत्तरीको बलवा नगरपालिका स्थित एक परीक्षा केन्द्रको सुरक्षामा खटिएका एकजना सुरक्षाकर्मीको मृत्यु भएको छ। बलवा नगरपालिका वडा नम्बर-१० स्थित श्री राष्ट्रिय जनता मावि धमौराको परीक्षा केन्द्रको सुरक्षामा खटिएका असई ललनकुमार राय पटेलको मृत्यु भएको जनाइएको छ। रौतहटको गौर नगरपालिका वडा नम्बर-२ स्थायी घर भएका असई पटेल जिल्ला प्रहरी कार्यालय महोत्तरीमा कार्यरत थिए।

परीक्षा केन्द्रको सुरक्षामा खटिएका पटेलको स्वास्थ्य अवस्था अचानक बिग्रिएपछि उपचारका लागि तत्कालै प्रादेशिक अस्पताल जनकपुरधाम पुर्याइएपनि उपचारको क्रममा बिहान ९ बजेर २५ मिनेटमा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक दिलिपकुमार गिरीले जानकारी दिएका छन्।

### मधेसमा ७९ हजार ९४ परीक्षार्थी

यस वर्षको एसईई परीक्षामा मधेस प्रदेशका २७९ परीक्षा केन्द्रमार्फत ७९ हजार ९४ जना परीक्षार्थी सहभागी भएका छन्।

परीक्षाका लागि २७९ केन्द्राध्यक्ष, ५२८ सहायक केन्द्राध्यक्ष, ७९६ परीक्षा सहायक, ४ हजार ६९ जना निरीक्षक, १ हजार ६२८ कार्यालय सहायक गरी ७ हजार ५७९ कर्मचारी र तिनवटै सुरक्षा निकायका सुरक्षाकर्मी परिचालन गरिएको छ।

यस वर्षको एसईईमा सप्तरीमा ३६ परीक्षा केन्द्रमार्फत ९ हजार ५२७, सिरहामा ४० परीक्षा केन्द्रमार्फत १० हजार १५०, धनुषामा ४३ परीक्षा केन्द्रमार्फत १२ हजार १४६, महोत्तरीमा ३१ परीक्षा केन्द्रमार्फत ९ हजार ५४, सर्लाहीमा ३७ परीक्षा केन्द्रमार्फत १० हजार ९१६, रौतहटमा ३५ परीक्षा केन्द्रमार्फत ८ हजार ९५७, बारामा ३२ परीक्षा केन्द्रमार्फत ९ हजार १७९ र पर्सामा २५ परीक्षा केन्द्रमार्फत ९ हजार १६५ जना परीक्षार्थी सहभागी भएका छन्।

# श्रोत नुखलेको रकम सहित दुई पक्राउ



मधेशदृष्टि
जनकपुरधाम, १७ चैत । स्रोत नखुलेको १४ लाख रूपैयाँसहित धनुषा प्रहरीले दुईजनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा जिल्लाको धनुषाधाम नगरपालिका वडा नम्बर-२ धनुषाधाम बस्ने ५५ वर्षीय जोगिन्द्र यादव र सोही ठाउँ बस्ने १९ वर्षीय कृष्ण साह रहेका छन्।

बिहीबार दिउँसो ४ बजेको समयमा जनकनन्दनी गाउँपालिका वडा नम्बर-५ बनरझुल्ला अगाडि ईलाका प्रहरी कार्यालय खजुरी र प्रहरी चौकी बल्हागोठबाट खटेको संयुक्त चेकिङ्ग टोलीले उनीहरूलाई स्रोत नखुलेको सो रकमसहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक बेदप्रसाद गौतमले जानकारी दिए।

जयनगरबाट जनकपुरधामतर्फ आउँदै गरेको प्रदेश-२-०२-००३ प ७०४५ नम्बरको मोटरसाइकल चेकजाँच गर्ने क्रममा मोटरसाइकल चालक यादवको साथबाट १० लाख र मोटरसाइकलको पछाडि सवार साहको साथबाट ४ लाखसमेत गरी जम्मा १४ लाख नेपाली रूपैयाँ बरामद भएको डीएसपी गौतमले जानकारी दिए ।

पक्राउ परेका दुबैजनालाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय धनुषामा ल्याई थप अनुसन्धान कार्य भइहेको प्रहरीले जनाएको छ।

# हामीसँग अपमानजनक धोखा गरियो : आजपा

मधेशदृष्टि
काठमाडौ, १७ चैत, काठमाडौं। प्रभु साह नेतृत्वको आम जनता पार्टीले सरकार पुनर्गठनमा आफूहरुलाई अपमानजक धोका भएको बताएका छन्।

गठबन्धनको बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले भागण्डा छुट्याउने प्रस्ताव गरेपनि पुनर्गठनमा सहभागी नगराएर अपमानजन धोखा दिएको पार्टीका प्रवक्ता चन्द्र भुषण साहले बताए।

साहले भने 'गठबन्धनको बैठकमा स्वयम् प्रधानमन्त्रीले मन्त्रालय बाँडफाँडको सन्दर्भमा आम जनता पार्टीका लागि भाग छुट्याउने प्रस्ताव गर्नू, निर्णय गर्नू र बाहिर प्रचार पनि गर्नू तर सरकार पुर्नगठन गर्दासहभागी नगराउनु हामीप्रतिको अपमानजनक धोका गरिएको हो।'

सत्ता गठबन्धनमै रहेर प्रधानमन्त्री प्रचण्डलाई समर्थन र साथ दिएपनि प्रचण्डले मन्त्री परिषदमा आम जनता पार्टीलाई सहभागी गराएको छैन्।

# जनमत सरकारबाट बाहिरियो

## राउत भन्छन् : म मन्त्री पदको भोको छैन



मधेशदृष्टि
काठमाडौं, १७ चैत । डाक्टर सीके राउत नेतृत्वको जनमत पार्टीले सरकार छाडेका छन् । जनमत पार्टीबाट संघीय सरकारमा सहभागी खानेपानी तथा सरसफाइ मन्त्री अब्दुल खानले राजीनामा दिएका छन्।


उनले नयाँ बन्न लागेको मन्त्रिपरिषद्मा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय नपाए पछि सरकार छाडेको घोषणा गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड समक्ष राजीनामा बुझाएका हुन्।

जनमत पार्टीले एउटा मात्र मन्त्रालय पाउने हो भने उद्योग मन्त्रालय पाउनु पर्ने र उद्योग नपाए दुईवटा मन्त्रालय दिनुपर्ने प्रधानमन्त्रीसँग माग राख्दै आएको थियो । मन्त्री खानले आफ्नो राजीनामा पत्रमा मन्त्रीमण्डल पुनर्गठन हुने कार्य तय भएकोले सहजीकरणका लागि आफूले पदबाट राजीनामा दिएको उल्लेख गरेको छ।

खानले गत माघ ११ गतेदेखि खानेपानी मन्त्रीको रुपमा नियुक्त भई कार्य जिम्मेवारी सम्हाल्दै आएको थिए । नयाँ सरकारमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय नेपाली कांग्रेसको भागमा परेको छ । कांग्रेसबाट सो मन्त्रालयको जिम्मेवारी नेता रमेश रिजालले पाउन लागेका हुन् । खानले राजीनामा दिए लगतै जनमत पार्टीका अध्यक्ष सीके राउतले आफ्नो पार्टी मन्त्री पदको भोको नरहेको बताएका छन् । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मन्त्रिपरिषद् विस्तार गरेलगत्तै सीके राउतले ट्वीट गर्दै यस्तो प्रतिक्रिया जनाएका हुन्।

त्यसअघि जनमत पार्टीबाट सरकारमा खानेपानी मन्त्रीको भूमिकामा रहेका अब्दुल खानले राजीनामा दिएका थिए। खानलाई बधाई दिँदै उनले लेखेका छन्, 'मा. अब्दुल खानलाई धेरैधेरै बधाई छ- उहाँले राजीनामा दिएर साबित गर्नुभएको छ कि जनमत पार्टी कुनै मन्त्री पदको भोको छैन । सीके राउतले आफूहरु जनताको सेवक रहेको बताउँदै लेखेका छन्, 'जनतासँग गरेको बाचा अनुसार सेवा दिन सके पदमा बस्ने हो, कामै गर्न सकिएन र जनताको बाचा पूरा गर्न सकिएन भने टाँसिरहनुको औचित्य छैन।'

# थप १४२ मा कोरोना पुष्टि



मधेशदृष्टि
काठमाडौं, १७ चैत । पछिल्लो २४ घण्टामा नेपालमा १४२ जनामा कोरोना संक्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार १ हजार ७९ जनाको नमुना परीक्षण गर्दा १४२ जना संक्रमित देखिएको छ।

मन्त्रालयका अनुसार आरटी पीसीआर विधिबाट ३८१ र एन्टीजेन विधिबाट ६९८ जनाको परीक्षण गरिएकोमा १४२ जनामा संक्रमण पाइएको हो । तीमध्ये आरटी पीसीआर विधिबाट ४४ र एन्टीजेन विधिबाट ९८ जनामा संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएका छन्। आरटी पीसीआर विधिबाट मात्र गरिएको परीक्षणको आधारमा देशमा हाल सक्रिय संक्रमितको संख्या १६३ रहेको पनि मन्त्रालयले जनाएको छ।


वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ को उपनियम (२) सँग सम्बन्धित
जनकपुरधाम उपमहानगरपालिका-१४, धनुषामा संचालन हुने विदेह हस्पिटल प्रा. लि. को लागि आवश्यक पर्ने

**प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धि**

**सार्वजनिक सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०७९/१२/.....)**

मधेश प्रदेश, धनुषा जिल्ला जनकपुरधाम उपमहानगरपालिका-१४, मा संचालन हुने विदेह हस्पिटल प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावको नामः | श्री विदेह हस्पिटल प्रा.लि.को प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी |
| प्रस्तावकको नाम र ठेगानाः | नामः विदेह हस्पिटल प्रा. लि.<br>ठेगानाः जनकपुरधाम उपमहानगरपालिका-१४, धनुषा<br>सम्पर्क नं.: ९८०१००८५९५<br>ईमेलः sahaashutosh94@gmail.com |
| प्रस्तावको व्यहोराः | जनकपुरधाम उ.म.न.पा.-१४, धनुषाको कि.नं. ४७, ४३, ११, १, २४, ५३, ४२, ४७, ३२, १०, ३१ र १७ गरी १२ कित्ताको कुल क्षेत्रफल ०-१२-२-३ (बिगहा-कठ्ठा-धुर-कनवा)/४१००.६२ वर्ग मीटर जग्गामा १०० शैय्या क्षमताको विदेह हस्पिटल प्रा. लि. संचालन हुने । |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा.: | धनुषा जिल्ला जनकपुरधाम उपमहानगरपालिका वडा नं. १४ |

माथी उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको स्थानीय तह (न.पा./गा.पा). तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल-स्वास्थय चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले **७ (सात) दिनभित्र** निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागी पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| सम्बन्धित वडा कार्यालयको नाम र ठेगानाः | जनकपुरधाम उपमहानगरपालिका, ४ नं. वडा कार्यालय, बिर्ता, धनुषा |
| प्रस्तावकको नाम र ठेगानाः | नामः विदेह हस्पिटल प्रा. लि.<br>ठेगानाः जनकपुरधाम उपमहानगरपालिका-१४, धनुषा<br>सम्पर्क नं.: ९८०१००८५९५<br>ईमेलः sahaashutosh94@gmail.com |
| परामर्शदाताको नाम र ठेगानाः | नाम : ईन्भारोमेन्ट फरेष्ट सर्विसेज एण्ड रिसर्च सेन्टर<br>ठेगाना : जनकपुरधाम उप-महानगरपालिका-७, धनुषा<br>सम्पर्क व्यक्ति : राम शोभा मण्डल<br>सम्पर्क फोन नं. : ९८६८३९७१४०<br>ई-मेल : shorearam@gmail.com |


## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९०<br>५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४<br>५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
हिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् । आर्थिक कारोबारमा सफलता पाइएला । लाभदायक यात्रा होला।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज राजनैतिक र सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । कलासाहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
शरीरमा स्फूर्ति र उमङ्गको कमी आउनेछ । मालसामान हराउन सक्छ । ससाना समस्यामा अल्झनुपर्नेछ, तर साँझमा आर्थिक लाभ मिल्न सक्छ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ। रमणीय र सुखद् यात्राको योग छ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन् । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। घरमा अतिथिको आगमन पनि हुन सक्छ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
ाज शुभारम्भको चर्चा चल्नेछ । सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ । नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ। भ्रमणको योग पनि छ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हात पार्न नसकिएला । सहकर्मीबाट विरोध आउला । नियमित खर्चसमेत बढ्ने योग पनि छ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज नयाँ र शुभकार्यको चर्चा चल्नेछ। पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ । रमाइलो यात्राको सम्भावना पनि रहेको छ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज भाग्यले विभिन्न अवसर जुराउनेछ । घरमा अतिथिको आगमन हुनेछ। महत्त्वपूर्ण कामको थालनी हुनेछ, साँझमा भने चिन्ता बढ्नसक्छ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज अरुलाई प्रभावित पारेर काम बन्नेछ । रोकिएको धन हात पर्ला । न्यायिक कार्यमा सफलता मिल्नेछ । व्यापारमा मनग्ये धनलाभ हुनेछ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आज समय मध्यम खालको छ । आफूले ठीक मानेर गरेको काममा आफैलाई सन्तुष्टि मिल्ने छैन। सोचेजतिका कामहरूमा विघ्नबाधा आउनसक्छ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
ठीक समयमा सही निर्णय लिन सकिनेछ । वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ । व्यापार व्यवसायमा सफलता मिल्नेछ । लाभदायक यात्रा पनि हुनेछ।

# मधेश सरकारबाट जनमत नबाहिरिने

मधेशदृष्टि
जनकपुरधाम, १७ चैत । डाक्टर सीके राउत नेतृत्वको जनमत पार्टीले संघीय सरकारबाट राजीनामा दिएपनि मधेस प्रदेश सरकारबाट नहटने जनाएको छ ।

गत माघ ११ गते केन्द्र सरकारमा खानेपानी तथा सरसफाइ मन्त्रालयको जिम्मेवारी पाएका सो पार्टीका नेता अब्दुल खानले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसमक्ष राजीनामा बुझाएसँगै जनमत पार्टी सरकारबाट बाहिरिएको हो ।

केन्द्र सरकारबाट फिर्ता भएपनि प्रदेशको हकमा त्यस्तो कुनै निर्णय नभएको जनमतका एक नेताले बताएका छन् । उनले भने हामीले गठबन्धन भन्दा पनि मुख्यमन्त्री सरोजकुमार यादव नेतृत्वको सरकारलाई समर्थन दिएका छौं न कि गठबन्धन दललाई दिएका हौं त्यसर्थले समर्थन कायमै राख्नेछौं ।



जनमत पार्टीको मधेस प्रदेशका संसदीय दलका नेतासमेत रहेका शिक्षा, विज्ञान, प्रविधि तथा वाणिज्य मन्त्री महेशप्रसाद यादवले प्रदेश सरकारबाट जनमत पार्टी अहिले नबाहिरिने बताएका छन् । उनले भने, 'प्रदेशमा भने अहिले हाम्रो पार्टीको समर्थन कायमै रहने छ । केन्द्रको अहिलेसम्म कुनै निर्णय नआएकाले हाम्रो समर्थन जारी छ र सरकारबाट बाहिरिने त्यस्तो कुनै कुरा पनि छैन ।

१०७ जना प्रदेशसभा सदस्य रहेको मधेस प्रदेशमा जनमत पार्टीका प्रत्यक्षमा ६ र समानुपातिकमा ७ गरी १३ जना सांसद छन् । मधेस सरकारमा हाल जनमतका दुई मन्त्री, एक राज्यमन्त्री र उपसभामुख रुहेका छन् ।

मधेस प्रदेशमा जनमतबाट समानुपातिक सांसद वसन्त कुशवाहा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री, सप्तरी २ (ख) बाट निर्वाचित महेशप्रसाद यादव शिक्षा, विज्ञान, प्रविधि तथा वाणिज्य मन्त्री र सिरहा २ (क) बाट निर्वाचित सञ्जयकुमार यादव राज्यमन्त्री छ ।

# दाइजो, हिंसा र अमानवीय छुवाछुतविरुद्ध सडक नाटक

मधेशदृष्टि
सिरहा, १७ चैत ।
तराई मधेशमा दाइजो र महिला हिंसाको घटना बढ्दो छ । दाइजोकै कारण मधेशमा महिलाले कुटपिटदेखि विभिन्न हिंसा र हत्याको सिकार हुनु परेको छ ।

दाइजो र महिला हिंसा न्युनिकरणमा जनचेतना फैलाउने उद्देश्यसहित दलित महिला केन्द, नेपाल (सिडिडब्ल्युएन) ले मेधश प्रदेशको सिरहा, बारा र पर्साका १० पालिकामा 'लैङ्गिक हिंसा' सम्बन्धी सडक नाटक प्रदर्शन गरेको छ ।

नाटकमार्फत पीडितले स्थानीय न्यायिक समिति तथा प्रहरी प्रशासनमार्फत कसरी न्याय पाउन सकिन्छ भन्ने देखाइएको छ । आनन्द पाखिनको लेखन तथा निर्देशनमा प्रदर्शित नाटकमा मुख्य भूमिकामा सिरहाका मुकेश यादव 'नेपाल', कल्पना पासवान, ज्ञानु श्रेष्ठ, सुनिल लामा, दुना आले मगर, विजय साहलगायतका कलाकारको सहभागिता छ ।

सिरहाको धनगढीमाई, गोलबजार, कर्जन्हा नगरपालिका र नरहा गाउँपालिकामा प्रदर्शन गरिएको छ । त्यसैगरी, बाराको निजगढ, कोल्हवी नगरपालिका र करैयामनि गाउँपालिकामा र पर्साको पटेर्वा सुगौली, ठोरी र सखुवा प्रसौनी गाउँपालिकामा प्रदर्शन गरिएको आयोजकले जनाएको छ ।

# प्रश्नपत्र बाहिरिएपछि पाँच निलम्बित

मधेशदृष्टि
वीरगंज, १७ चैत ।
बारामा माध्यमिक शिक्षा परीक्षा एसइइको पहिलो दिनकै परीक्षाको प्रश्नपत्र परीक्षा सुरु हनासाथ बाहिरिएपछि महेन्द्र आदर्श जयनगर च्युटाँहा माध्यमिक विद्यालय परीक्षा केन्द्रको केन्द्राध्यक्षसहित पाँच जना निलम्बनमा परेका छन् ।

परीक्षा सुरु भएको केही समयभित्रै आदर्श कोतवाल गाउँपालिकास्थित महेन्द्र आदर्श जयनगर च्युटाँहा माध्यमिक विद्यालयबाट अंग्रेजी विषयको प्रश्नपत्र बाहिरिएको समाचार पुष्टि भएसँगै जिल्ला प्रशासन कार्यालय बाराले परीक्षा केन्द्रका केन्द्राध्यक्ष दिनेश प्रसाद साह, सहायक केन्द्राध्यक्ष पदमराज चौधरी र विजय प्रसाद चौधरी तथा निरीक्षक कुन्दन प्रसाद कुशवाह र श्याम किशोर गुप्तालाई निलम्बन गरिएको बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले जानकारी दिए ।

परीक्षा केन्द्रमा मोबाइल फोन निषेधित गरिएको भए पनि केन्द्राध्यक्षलगायतका व्यक्तिको लापरवाहीका कारण मोबाइल फोनको प्रयोगबाट प्रश्नपत्र आउट भएपछि यस्तो गम्भीर त्रुटि गरेको आरोपमा उनीहरूलाई परीक्षा अवधि भरका लागि सबै जिम्मेवारीबाट निलम्बन गरिएको प्रमुख जिल्ला अधिकारी सापकोटाले बताए । शुक्रबार एसइइ परीक्षाको पहिलो दिनको अंग्रेजी विषयको प्रश्नपत्र पाएको १५ मिनेटभित्रै परीक्षा केन्द्रको २ नम्बर कोठाबाट एकजना विद्यार्थीले व्हाट्सएप र फेसबुकमार्फतले आउट गरेका थिए । विद्यार्थीले आफू ट्युसन् पढ्ने शिक्षकलाई प्रश्नपत्र पठाएको अनुसन्धानको क्रममा खुलेको प्रमुख जिल्ला अधिकारी सापकोटाले बताए । प्रश्नपत्र आउट गर्ने विद्यार्थीको अंग्रेजी विषयको परीक्षा रद्द गरिएको प्रमुख जिल्ला अधिकारी सापकोटाले बताए ।

विद्यार्थीसँग प्रश्नपत्र मगाउने व्यक्तिको पहिचान गरी उसलाई समेत पक्राउ गरिएको र अनुसन्धान भइरहेको जिल्ला प्रशासन कार्यालय बाराले जनाएको छ ।यता, पर्सामा भने शुक्रबार एसइइ परीक्षाको पहिलो दिन परीक्षा शान्तिपूर्ण सम्पन्न भएको छ ।

# दुर्घटनामा एकको मृत्यु, चार घाइते

मधेशदृष्टि
सप्तरी, १७ चैत ।
छुडाछुट्टै स्थानमा भएको सवारी दुर्घटनामा एक जनाको मृत्यु भएको छ भने चार जना घाइते भएका छन् । हनुमाननगर कंकालिनी-१ स्थित कोशी ब्यारेजको पुलमा पूर्वबाट पश्चिम जाँदै गरेको वा १९ च ५५७६ नम्बरको कारको टायर पञ्चर भई अनियन्त्रित भएर पल्टिदा कारमा सवार उदयपुर, त्रियुगा नगरपालिका वडा नम्बर १० गाइघाटका ८३ वर्षीय योग्यबहादुर कार्की, कार चालक खोटाङ मार्फा-२ का ५९ वर्षीय राजकुमार नेपाल र सुनसरी, इनरुवा- ५ का ६५ वर्षीय लीलाबहादुर घाइते भएका हुन् । घाइतेको भारदह अस्पतालमा उपचार गराइ थप उपचारका लागि नोबेल अस्पताल विराटनगर पठाइएकोमा लीलाबहादुर कार्कीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै, कञ्चनरुप-८ बेरियर चोकस्थित पूर्व पश्चिम लोक मार्गमा पूर्वबाट पश्चिम आउँदै गरेको स १ व ५११ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा पैदल यात्री मोरङ, पथरी शनिश्चरे नगरपालिका- ६ का ५० वर्षीया शिवमुनि मण्डल घाइते भएकी छिन् । उनको उपचार भइरहेको छ ।

यसैगरी सप्तरीको बोदेबर्साइन-५ शत्रुघ्न चोकस्थित हुलाकी सडक खण्डमा पूर्वबाट पश्चिम आउँदै गरेको स.१ च १६५० नम्बरको एम्बुलेन्सलाई स ४ प १०३८ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा मोटरसाइकलमा सवार पर्सा, वीरगंज-२० का २० वर्षीय करण कुमार महतो घाइते भएका छन् ।

# देवाहीगोनाही भ्रष्टाचारविरुद्ध बुझाईयो ज्ञापनपत्र



आरके श्रीवास्तव
गरुडा, १७ चैत ।
रौतहटको देवाही गोनाहि नगरपालिकामा विभिन्न शिर्षकमा भएको भ्रष्टाचार विरुद्ध ज्ञापनपत्र बुझाइएको छ । नगरपालिकाको एक स्थानीय युवा नेता रुपेश पटेलको नेतृत्वमा युवाहरूले नगरपालिकामा भएको विकास निर्माणका कार्यहरुमध्ये विभिन्न शिर्षकमा भ्रष्टाचार भएको भन्दै प्रमुख प्रशासकीय अधिकृत सिकन्द्र साहलाई ज्ञापनपत्र बुझाएका छन् ।

देवाहीगोनाहि नगरपालिकाको नगर प्रमुख प्रेमलाल साहले विभिन्न योजनाहरु लगत इष्टिमेट अनुसार नगरेको तथा उक्त योजनाहरुको गुणस्तरहिन कार्य गरि आर्थिक अनियमितता गरेकोले सो योजनाहरुको अनुगमन गरि अधुरो रहेको तथा भ्रष्टाचार गरेको योजनाहरुको भुक्तानी नगर्न नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत साहलाई अनुरोध गरेका छन् । स्थानीय युवा नेता पटेल लगायतको टोलीले ज्ञापनपत्रमा विभिन्न ३ बुन्दे मागहरु राखी ज्ञापनपत्र बुझाएका छन् । जसमा उज्यालो कार्यक्रम , मलङ चौक देखि देवाहीगोनाहि जाने बाटोमा भएको ग्रेभल कार्य , अस्पतालमा माटो पुर्ने कार्य, पोलिटेकिनक ईन्स्टिच्युटमा माटो पुर्ने कार्य, राशन खर्च, खाजा खर्चको भुक्तानी नगर्न अनुरोध गरिएको छ ।

साथै नगरपालिकामा रहेको जेसिबीद्वारागरिएको कामकाजको लेखाजोखा सार्वजनिक गर्न माग गरिएको छ ।

ज्ञापनपत्र बुझेपछि प्रतिक्रिया दिदै नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत साहले ज्ञापनपत्र आउँदो सोमवार बस्ने कार्यपालिकाको बैठकमा जस्ताको त्यस्तै प्रस्तुत गर्ने बताए । यस विषयमा कार्यपालिकाले जे निर्णय गर्छ सो को बारेमा जानकारी गराउने प्रतिक्रिया दिएका हुन् । यता यस विषयमा नगर प्रमुख प्रेमलाल साहले आफूमाथी लगाइएको सम्पुर्ण आरोपहरु झुठा तथा निराधार रहेको बताउनु भएको छ । उज्यालो कार्यक्रम अन्तर्गतका योजना नगरपालिकाको सम्पुर्ण वडाहरुमा सन्चालन भइ काम सकिएको, त्यस्तै ग्राभेल कार्यको योजना सकेर पुनः अर्को टेण्डर भइ कार्य सन्चालन हुँदा पनि आफ्नो योजनाहरुको भुक्तानी दिन नमानेको नपाको प्रमुख प्रशासकीय अधिकृत साहले अटेरी गरि बारम्बार अनुगमनको लागि भन्दा पनि नसुन्ने बहाना गरेको बताएका छन् ।

साथै केही व्यक्तिहरुले आफ्नो स्वार्थ पूरा हुन नपाउदा विभिन्न बहाना , बखेडा झेकी आफू र नगरपालिकालाई बदनाम गर्न खोजेको आरोप लगाएका छन् । यस अघि आज दिउँसो ज्ञापनपत्र बुझाउन जादा खेरी मेयर पक्ष र ज्ञापनपत्र बुझाउने पक्ष बिच बिबाद भएको थियो ।

जस कारण नगरपालिकाको अवस्था केही बेर तनाव ग्रस्त बनेको थियो । इप्रका देवाही गोनाहिका टोली र सशत्र प्रहरीको टोली त्याहा पुगि बिबादलाई साम्य पारेका थिए ।

# चट्याङ लागेर सिरहामा एकको मृत्यु

मधेशदृष्टि
सिरहा, १७ चैत । सिरहामा चट्याङ लागेर एक ट्रक चालकको मृत्यु भएको छ ।

जिल्लाको मिर्चैयानगरपालिकामा चट्याङ लागेर रौतहटको चन्द्रपुर नगरपालिका-८ अलटुकी बस्ने ४३ वर्षीय ट्रक चालक नेत्रकुमार गौतमको मृत्यु भएको हो ।

सौर्य सिमेन्ट इन्डस्ट्रिजमा सिमेन्ट लिन पुगेको ना ५ ख ३७२१ नम्बरको ट्रकका चालक गौतमको चट्याङ लागेर मृत्यु भएको ईलाका प्रहरी कार्यालय मिर्चैयाले जनाएको छन् ।

वर्षासँगै परेको चट्याङ लागेर उनी गम्भीर घाइते भएका थिए । उपचारका क्रममा फूलकुमारी महतो मेमोरियल अस्पताल कर्जन्हामा उनको मृत्यु भएको सिरहा प्रहरीले जनाएको छ ।

# प्राणप्रतिष्ठा महायज्ञ समापन

मधेशदृष्टि
वीरगंज, १७ चैत ।
पर्साको पकहामैनपुर गाउँपालिका वडानम्बर ५ सबैठवामा आयोजित ९ दिने प्राणप्रतिष्ठा महायज्ञ शुक्रबार सकिएको छ । गाउँपालिका अध्यक्ष सुरेश मेहताले महायज्ञ समापन गरे । ९ दिनसम्म चलेको यज्ञमा भारत बिहारको पूर्वी चम्पारण र पश्चिमी चम्पारणको हजारौं भक्तजन तथा पर्साका आधादर्जन भन्दा बढी पालिकाका भक्तजन सहभागी थिए ।

# खैरो हेरोइनसहित तीन पक्राउ

मधेशदृष्टि
सिरहा, १७ चैत ।
प्रहरीले प्रतिबन्धित लागूपदार्थ खैरो हेरोइनसहित तीन युवालाई नियन्त्रणमा लिएको छ । मिर्चैया नगरपालिका-६ कटारी चोकबाट अवैध लागुदार्थ खैरो हेरोइन जस्तो देखिने पदार्थ १८ ग्राम ५३ मिलिग्रामसहित मिर्चैया-६ का २५ वर्षीय जितेन्द्र साह, वडा नम्बर १० का २५ वर्षीय ललितकुमार राम र वडा नम्बर ३ का २४ वर्षीय देवन यादवलाई प्रहरीले पक्राउ गरेको हो ।

प्रहरीले मधेश प्रदेश ०१-००४ प २५६६ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा उनीहरूलाई नियन्त्रणमा लिएको हो ।

# तेश्रो लिङ्गीले निकाले रथयात्रा

मधेशदृष्टि
महोत्तरी, १७ चैत ।
तेस्रो लिङ्गी समुदायले महोत्तरीको सदरमुकाम जलेश्वरमा रथयात्रा निकालेका छन् ।

शुक्रबार कलश शोभा यात्रा निकाल्दै भजन किर्तनसहित नगर परिक्रमा ग़ेका उनीहरुले महादेव मन्दिरमा घण्टी स्थापना गरेका छन् ।

तेस्रो लिङ्गी समाजका अध्यक्ष मुस्कान किन्नरले जलेश्वरबासीसँग आफूहरुले आवश्यक सहयोग र सम्मान पाएको भनिन् ।



उनले नगरबासीलाई धन्यवाद दिदै यहाँका नागरिकको सुख, शान्ति तथा समृद्धिका लागि जलेश्वरनाथ महादेवसँग प्रार्थना गर्दै उक्त घण्टी स्थापना गरिएको बताएकी छिन् ।

कार्यक्रममा नेपाल तथा भारतबाट किन्नर समुदायको प्रतिनिधित्व गर्ने व्यक्तिहरू लगायत स्थानियकोसमेत उपस्थिति रहेको थियो ।

# रास्वपाले बारामा खरेललाई उठाउने




मधेशदृष्टि
वीरगंज १७ चैत ।
राष्ट्रिय स्वतन्त्र पार्टीले बारा क्षेत्र नम्बर २ को उपनिर्वाचनमा रमेश खरेललाई उम्मेदवार बनाउने भएको छ ।

जिल्ला प्रहरी कार्यालय पर्सामा रहँदा खरेलले पर्साको शान्ति सुरक्षा र अमनचयनमा आमूल परिवर्तन गरेका थिए ।

प्रहरी सेवामा भएको भेदभावबाट असन्तुष्टि हुँदै राजीनामा दिएका खरेल राजनीतिमा होमिएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीले काङ्ग्रेसबाट राजीनामा दिएका डा.स्वर्णिम वाग्ले र पूर्व डिआइजी रमेश खरेललाई प्रारम्भिक उम्मेदवारमा राखेको छ । वैशाख १० गते उपचुनाव हुने तीन क्षेत्रको उम्मेदवारका लागि पार्टीले चितवन २ बाट रवि लामिछाने, तनहुँ १ बाट डा. स्वर्णिमसँगै ईश्वर लामिछाने र बारा २ मा रमेश खरेललाई उम्मेदवार बनाउने लगभग पक्कापक्की गरेको छ ।

# मिटरब्याजी आरोपमा ३ पक्राउ

मधेशदृष्टि
जनकपुरधाम, १७ चैत । मिटरब्याजी आरोपमा धनुषाबाट तीन जनालाई पक्राउ गरिएको छ ।पक्राउ पर्नेमा सबैला नगरपालिका २ कि पुनितादेवि यादव, बुद्धुलाल यादव र जनकपुरधाम उपमहानगरपालिका २४ का श्रवण दास रहेका छन् ।जिल्ला प्रशासन कार्यालय धनुषाको आदेशमा उनीहरुलाई मिटरब्याजको आरोपमा नियन्त्रणमा लिई अनुसन्धान प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

## माइग्रेशन हराएको सुचना

नामः दिपक कुमार साह
ठेगानाः पिपरा महोत्तरी
रजिस्ट्रेसन नं.: 782180020073
सिम्बोल नं.: 21800107
कक्षा : ११ र १२
निम्न विवरण भएको माइग्रेशन घर देखि जनकपुरधाम जाने क्रममा हाराएको हुँदा पाउनुहने महानुभावले निम्न ठेगाना अथवा नजिकको प्रहरीचौकीमा बुझाई दिन हुन अनुरोध छ ।
सम्पर्क मो. नं.: 9819854999

# परीक्षाकेन्द्रमै असइको मृत्यु

मधेशदृष्टि
वीरगंज, १७ चैत ।
महोत्तरीको एक परीक्षा केन्द्रमा सुरक्षामा खटिएका सुरक्षाकर्मीको मृत्यु भएको छ ।

महोत्तरीको बलवा नगरपालिका-१० स्थित श्री राष्ट्रिय जनता मावि धमौराको परीक्षा केन्द्रको सुरक्षामा खटिएका असइ ललनकुमार राय पटेलको मृत्यु भएको हो । परीक्षा चलिरहेका बेला सुरक्षामा खटिएका रौतहटको गौर नगरपालिका वडा नम्बर २ निवासी पटेलको स्वास्थ्य अवस्था अचानक बिग्रिएपछि उनलाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरधाम पुऱ्याइएको थियो । उपचारक्रममा उनको बिहान ९ बजेर २५ मिनेटमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायब उपरीक्षक दीलिपकुमार गिरीले जानकारी दिए । असइ पटेल जिल्ला प्रहरी कार्यालय महोत्तरीमा कार्यरत थिए ।

## कथा

# द्वन्द्वको व्यथा

पिंढीमा बसेकी हजुरआमा आज निकै चिन्तित देखिन्छिन् । उनलाई २० वर्ष अगाडिको कुरोको झझल्को मात्र होइन, जेठो छोरो रघुको याद पनि बेस्सरी आइरहेको छ । उनको मनमा थरीथरीका तरंगहरू खेल्न थाले । उनी आफैंसँग कुरा बुन्न थालिन् । उनको मानसपटलमा सम्झनाहरू सल्बलाउन थाले ।

जेठो छोरो रघुनाथ घरमा सुतिरहेको थियो । केही मानिस आए । उनीहरू फौजी जस्ता देखिन्थे । रातको अँध्यारोमा कहाँबाट आएका, कस्ता मानिस हुन्, कुन पक्षका मानिस हुन् पत्ता लागेन । केही कुरा बुझ्नु छ भन्दै लछारपछार गर्दै, उनीहरूले रघुलाई लिएर गए ।

रघुले म कहाँ आउनुपर्ने हो भन्नुस्, म भोलि आउँछु भन्यो । तर उसको कुरा कसैले सुनेनन्, बुहारी निकै तलसम्म रुँदै-कराउँदै गइन् । उनको केही लागेन, बरु उल्टो भो, बन्दुकको कुन्दा उनको टाउकोमा बज्रियो । ठूलै चोट लाग्यो । कति दिनसम्म बिरामी परिन् ।

रघुको छोरा रमेश ७/८ वर्ष जतिको हुँदो हो, के भो ? के भो आमा ? के भो बा भन्दै उठ्यो, मैले केही भा छैन सुत वा सुत; भनी उसलाई फकाएँ तर रमेश सुतेन ।

मनमनै गनिन्, त्यस दिनदेखि उनको परिवारमा दशा सुरु भयो । रघुको अत्तोपत्तो थिएन । गाउँले पनि खुटखबर गर्न डराउँथे । बुहारी रमा पनि बिरामी भई । खान मन गर्दिनथी, रातभरि अनिँदै बस्थी ।

रमा सुख दुःखमा हाम्रो वह सुनिदिन्थी । आज यी दुवै गए ।' बुढाबा भन्दै गए ।

'म टारमा पुगेर आउँदै थिएँ । परबाट कोही हाम्फाले झैं लाग्यो । त्यो मान्छे मेरो गोडा छेउ आएर पछारियो, हेर्दा रमा रहिछन् । मेरै अगाडि उनको प्राण गयो । मैले केही गर्न सकिनँ ।'

रमा लोग्नेको लास हेर्न जाँदा भीरबाट लडेकी हुन् कि अथवा उनले आत्महत्या गरेकी हुन् कसैले बुझ्नै सकेन ।

बूढीआमाले आकाशतिर हेरिन् । दाहसंस्कार सकियो । ६५ वर्षकी बूढीको काँधमा नाबालक नातिनातिनाको पालनपोषणको जिम्मेवारी आयो । उनलाई पनि बाँच्ने इच्छा त थिएन, तर के गर्नु एकातिर बुढ्यौली शरीर र छोरा-बुहारीको शोक, अर्कातिर नातिनातिनाको भविष्य । यस्तो संकटमा पा्र्यो विधिले । न मर्न सक्ने न सजिलै बाँच्न सक्ने । केही दिनपछि मखमली पनि मामाघरबाट फर्किई । ऊ हजुरआमाको काखमा घोप्टो परेर रुन थाली ।

अब रमेश, मखमली र बूढीआमा तीन जनाको परिवार शोक र दुःख झेल्दै जीवन निर्वाह गर्न थाले । रमेश र मखमलीको मनमा पनि विभिन्न कुरा खेल्न थाले । किन मारे बालाई ? कसले मारे ? रघुलाई फौजी जत्थाले लिएर गएको कुरा हजुरआमाले निकै पछि भनिन् नातिनातिनालाई । पल्लो घरको गुइँठेले लठेब्रे बोलीमा भन्यो, ''नै हुन् तिनीहरू (रुँदै) ज्यानमारा जस्ता थिए, मैले रघु माइ्साबलाई के गरेको भनी लछार्दा



करिब एक महिनापछि गोठालो गएको पल्लो घरको हर्केले एउटा नराम्रो खबर ल्यायो । रघुनाथको लाश तल खोलाको बगरमा भेटिएछ । लाशको डाक्टरी जाँच पनि भएन । मुचुल्का पनि बनेन । बूढी आमा रुँदै कराउँदै र दौड्दै लाश भए ठाउँमा गइन् । रमेश पनि गयो । लाश वरिपरि कोही मानिस थिएनन् । गाउँले यति डराएका थिए कि कोही पनि त्यस्तो छेउमै जाँदैनथे ।

रमेश बा'बा.. भन्दै कराउन थाल्यो । बूढीआमा छोरालाई अँगालो मारेर रोइन् । शरीरमा नील डाम र चोटैचोट थिए । एउटा आँखा फुटेको थियो ।

करिब २/३ घण्टाको रुवाइपछि बूढीआमा लासको संस्कार गर्ने कार्यमा लागिन् । उनले गाउँलेलाई गुहारिन्, गाउँमा लाठे मान्छे छँदै थिएनन् भने पनि हुन्छ । डरले मान्छे जम्मा भएनन् । पल्लो डाँडाको वीरबहादुर, हर्के र गैह्रीगाउँको लठेब्रे मिलेर लाश उठाए । रमेश लाश बोक्ने मानिसहरूको पछि लाग्यो । घाट केही पर थियो । बूढीआमा दाहसंस्कारको सामान खोज्न बलिन्द्र आँशुको भेल बगाउँदै, रुँदै, बर्बराउँदै लास त्यहीं छोडेर गाउँतिर लागिन् ।

घरमा पुगेर बुहारी रमालाई खोजिन् । रमा घरमा थिइनन् । धान, चामल, जौ, चानचुन पैसा, तुलसीको माटो र पात बोकेर बूढीआमा घाटमा पुगिन् । तर घाटको दृश्य पत्यार नलाग्दो भयो । फर्केर जाँदा त्यहाँ दुईवटा चिता बनेका थिए । नाति रमेश बेहोश जस्तै थियो । छेउमै दुई वटा लास लडिरहेका थिए । त्यहाँ बसेर लाकुरीबोटे काइलाबा पनि राम राम भन्दै आँशु पुछ्दै थिए । 'ए साइली भाउजु, यो उमेरमा मैले के देख्नु पर्‍यो, यो बज्रपात तिमीलाई मात्र होइन, गाउँलेलाई नै हो । हाम्रो त हारगुहार गर्ने नै अरू कोही छैन, म ७० वर्षको बुढो कहाँ जानु, छोराहरू विदेश पसिसके, प्याउली बूढी र म मात्रै छौं गाउँमा । रघु नै हाम्रो सहारा थियो ।

लछार्दै लग्दा सोधेको त मलाई दुई लात्ती दिए । म तल कान्लामुनि पुगें । कस्तरी दुखेको छ ।' गुइँठेको कुराले त्यस्तो कार्य राज्यपक्षका व्यक्तिबाट भयो वा विद्रोही पक्षबाट खुल्न सकेन ।

रघु मास्टरी गर्थे, कसैसँग लेनदेन तथा घरायसी भनाभन पनि थिएन । अरूअरूले किन मार्थे ? माझघरे बूढी आमाको तर्क थियो । रमेश र मखमलीलाई लाग्यो पक्कै पनि सुरक्षा सिपाहीले लगेर मारे र सुरक्षा सिपाही कुन पक्षका थिए, राज्य पक्षका हुन् वा विद्रोही पक्षका यकिन भन्न कसैले सकेन पनि । तर उनीहरूको मनमा विद्रोहको बीउ रोपियो । खासखुस गर्दा पनि उनीहरूकै बद्ख्वाईं गर्थे ।

बूढीआमालाई फेरि अर्कै चोट लाग्यो । एक दिन साइँलो भाइको छोरो भदो मनबहादुर टुप्लुक्क आइपुग्यो । रोई-रोई सुन्निएका आँखा, भोको अनुहार, लुगा धुजा-धुजा भई च्यातिएका छन्, मुटु भक्कानो पार्दै सोधिन् बूढीआमैले, 'के भयो भन ? किन यस्तो गति ? किन आँखा सुन्निने गरी रोएको ?' प्रश्नको ओइरो लाग्यो । तर मने बोल्नै सकेन ।

सुँक्क-सुँक्क र घुँक्क-घुँक्क मात्र गरिरह्यो । बूढीआमैले मनेलाई तानेर आफू पिंढीको चकटीमा बसिन् अनि फेरि सोधिन्, 'बाले कुट्यो कि आमाले गाली गरी ? के गर्दैछन् तेरा बा-आमा ? यत्रो बाटो हिंडेर आइस्, गोडा दुखेनन् ?' तर मनेले जवाफ दिएन । बरु बूढीआमाको काखमा घोप्टो परेर डाँको छोड्यो ।

त्यत्तिकैमा दुई-तीन जना मानिस त्यतै ओरालो लागेको देखियो । त्यसमध्ये एकजना बूढीआमैको माइती गाउँको बुधे माझी रहेछन् । बूढीलाई देखेर अत्तालिंदै भने- 'सत्यानाश भैगो नि फुपू । साइला काकालाई सिध्याइहाले नि !' बूढी पिंढीबाट उठ्दै कराइन् । 'लौ न नि ! के भो नि मेरो साइलालाई कसले सिध्याए ?' बूढीआमैका सुकेका आँखा फेरि वर्षाका खहरे झैं भए ।

- बाँकी पृष्ठ ६ मा

# एसइइ परीक्षा मर्यादित बनाऊँ



– उदय कुमार यादव

हरेक शिक्षण सिकाई क्रियाकलाप संगसगै र आवश्यकता अनुसार समय समयमा गरिने समुचित विषयगत वा व्यावहारिक मूल्यांकन नै चाहिं निरन्तर मूल्यांकन हो । निरन्तर विद्यार्थी मूल्यांकन सुधारात्मक उद्धेश्यका लागि अपनाइन्छ ।यो मूल्यांकन प्रक्रिया विद्यार्थीलाई कक्षा चढाउने कुराको निर्णय लिनु भन्दा पनि प्रभावकारी शिक्षण सिकाईका सन्दर्भमा बढि उपयोग गरिन्छ।निरन्तर विद्यार्थी मूल्यांकनले विद्यार्थीको अनौपचारिक मूल्यांकनमा चाहिं बढि जोड दिन्छ।किनकी यसले विद्यार्थीको उपलब्धि स्तरथाह पाउनका लागि,अनि सोही अनुसार अघिल्तरको शिक्षण सिकाई प्रक्रिया सञ्चालन गर्न आवश्यक सुचना चथा जानकारी पनि प्राप्त गर्न एउटा नभई नहुने भरपर्दो पद्धति हो । यसरी सोही प्राप्त सूचना मुताबिक,कमजोर तथा निम्नस्तरका विद्यार्थीका लागि आवश्यक सुधारात्मक शिक्षण प्रक्रियासंगै तेज र सक्षम विद्यार्थीलाई पनि एकै साथ पृष्ठपोष्ण र पुनरबलन प्रदान गर्दैजानु निरन्तर मुल्ल्यांकन एउटा सर्वोत्तम उदाहरण तथा नमुना हो,जो विद्यार्थीका सबै खाले परिक्षाकै तयारीको एउटा प्रमुख आधार नै हो ।

यसरी निरन्तर मूल्यांकन विद्यार्थीका प्रगति तथा आवश्यक स्तर बुझेर मात्र पठन पाठन अघि बढाउनु पर्ने एउटा नभई नहुने महत्वपूर्ण मूल्यांकनका साधन भएकाले हामी शिक्षकले उनिहरुका गुाणस्तर बढाउनका निम्ति प्राथमि र आधारभुत देखि नै विशेष ध्यान पुर्‍याई राख्नु पर्दछ।सबाल उठ्छ,हामी मध्ये कतिपयले जानी जानी अथवा यस सम्बन्धी ज्ञान नै भएर कति प्रतिुशत शिक्षकले यसको उपयोगितामा नियमित प्रयोगमा ल्याउंछौ त?बढिमा २५ प्रतिशतले मुशकिलले ल्याउंछौ होला ?कि कसो?अनि रिजल्ट चांहि शतप्रतिशत खोज्ने त?अब सबाल उठ्छ,परिक्षा प्रणालीको यसमा पनि हामीले ग्रासरुट अर्थात प्राथमिक तथा अधारभुतकै परिक्षा प्रणालीको प्रकृयाबाट शुरु गरौ न ? कतिपय विद्यालयमा प्रावि देखि अधारभुत सम्मका परिक्षाको अनिवार्य अनुगमन नभएपछि,हाव्रे तालमा केबल कांपी प्रश्न पत्र बाडेर सर अनि मेमहरु अफिसमै गफ हांक्दै गरेको देखिन्छ ।

वास्तवमा यदि भन्ने हो भने, शुरुमै प्रावि देखि अधारभुत सम्म प्रत्येक परिक्षा प्रथम त्रैमासिक देखि वार्षिक परिक्षा यदि मर्यादा पूर्वक लिईयो भन्दखिन,शिक्षमा गुणस्तर वृद्धि भभएर रिजल्ट पनि८० प्रतिशत भन्दा माथि नै आउनेछन्,यसमा कुनै दुई मत नहोला। तसर्थ् सब भन्दा पहिले हामीले आफना छाती मा हाथ राखेर स्विर्कानु परयो कि जति कडाईका साथ हामीले परिक्षाहलमा फाइनल देखि अधारभुत बोर्ड र एस.ईइ लिने चेष्टा गर्दछौ त्यतिकै ईमान्दारी पूर्वक कक्षामा पनि प्रस्तुत हुन्छौ कि हुंदैनौ?हामी मध्ये कतिले पाठ योजना बनाई कक्षाकोठामा प्रस्तुत हुन्छौ?कक्षाकार्य देखिन् गृहकार्य पनि आफना द्यिार्थीलाई कति नियमितता तथा ईमानदारीपूर्वक तयारी गर्न लगाउंछौत?तसर्थ केबल गुणस्तर शिक्षा अथवा शिक्षामा गुणस्तर ल्यानुपर्ने सुगा रटान र भाषण छांटेर गुण स्तर चांहि आउंदैनन् । ंअहिले भरखर वार्षिक परिक्षा सम्पन्न भएकोछ,त्यसमा प्रायोगिक अंक सहित जोरेर नतिजा दिनुपर्ने भने ति प्रायोगिक परिक्षा के कति नियमानुसार वैद्यानिकता पुर्वक लिईयो कि त्यतिकै कोरम पुराईयो,त्यसको पनि लेखाजोखा राखेर समुचित रुपमा मुल्याकंन गरि उचित अंक जोडेर मात्र नतिजा प्रकाशित गर्नु नैतिकता हो नत्र यसको विपरित हाव्रे तालमा प्रायोगिक अंक हालियो भनृे एक प्रकारले अन्याय नै हुनेछ ती विद्यार्थीलाई जसले ए प्लस ल्ल्याउनुपर्नेलाई ए पनि आंउन सक्दैन तर जो ए ल्याउने पनि लाकत राख्दैनन् उसले ए प्लस ल्याएको हुन्छ,यो सब किन र कसरी हुंदोरैछ त?तसर्थ कम्तिमा यस्तो अन्यायमा विद्यार्थी नपरोस् भनी सम्बन्धित सबै सरोकारबाला संग यस लेख मार्फत निवेदन गर्न चाहन्छु । एसईइ परिक्षा लगतै स्थानीय तहद्धारा पनि अधारभुत परिक्षका कक्षा ८का बोर्ड पनिशुरु हुंदैछ, किनकी लगभग देशभरिमा नै यहि १७ गते चैत्रमसान्त देखि एसईइ शुरु हुंदैछ,भने कक्षा ८ कापनि फाईनल बोर्डचांहि यसै मसान्तका १९ गतेदेखि लगतै शुभारम्भ हंदैछ।परिक्षा चांहि चुस्त दुरुस्त र मर्यादीत हुनु पर्ने हो अनि हुनु पनि पर्छ सम्बन्धित सबै आ आफना ठांउबाट सरोकारबालाले प्रतिबद्धता पनि व्यक्त पनि गर्दैछ।यो कुरा एक प्रकारले सराहनिय पनि छ ,तर अर्कातर्फ यो उपाहास पनि नहोस,किनकी बिगतमा चाहिं जति प्रतिबद्धता व्यूक्त गरिए पनि त्यस प्रतिबद्धताका ठीक बिपरित ,मर्यादाहीन परिक्षा दुरभाग्यवस विभिन्न कारणले विभिन्न ठाउंमा हुनपुगेका मिडीया रिपोर्टहरुले बताएका छन्।जस्तो कि बाराको एक विद्यालय महेन्द्र आदर्शमावि बाट परिक्षाको प्रथम दिन नै पन्द्र मिनेट अघि प्रश्न पत्र आउट हुनु,मिडियाद्धारा बाहिर आएका खबरले,यसको गोपनीयता तथा विश्वसनिगता सम्बन्धिकोअचार संहिता माथि प्रश्न उठ्न सक्नु स्वभाविक हो,अर्का तर्फ धनुषाको चक्कर माविमा करिब पचास मिनट ढिला परिक्षा शुरुभएका कारण,अंग्रेजीको प्रश्नपत्रको पोकाभित्र नेपालीको प्रश्न पाईनु,यसले पनि गोपनियता र विश्वसनियता माथि ठुलो प्रश्न उठाएको छ । हुनत राष्टिय परिक्षा बोर्ड तथा परिक्षा नियन्त्रण कार्यालय द्धारा जानकारी भए अनुसार,प्रत्येक प्रदेश स्तरीय शिक्षा मंन्त्रालयका सचिव,निर्देनालयका निर्देशक र शिक्षा ईकाइ प्रमुख लगायत प्रमुख जिल्ला अधिकारी समेतलाई राखी परिक्षा समन्वय समिति निर्माण तथा चयन भएकोछ,जसले परिक्षा सम्बन्धित संम्पूर्ण आवशयक अचार संहिता अक्षरसःपालन गराउने प्रतिबद्धता जाहिर गरेका कुरा विभिन्न मिडियाद्धारा जानकारी भएको हुनाले,विद्यार्थीलाई ढुक्क भएर परिक्षा दिन सजिलो भएकाछन्।जेहोस विद्यार्थीलाई चांहिं जसरी परिक्षाको बेला जोतोरका साथ सहभागी गराईन्छ,,त्यति ध्यान शुरुदेखि नै यदि प्रत्येक स्तर तथा सिमेस्टरमा तद्रुकता र अफ्रै जागरुकता साथ तिनीहरुका कोर्स पनि पढाएर तयारी गराईयो भन्देखिन,चाहिएको भन्दा पनि आत्म संतुष्टिजनक नतिजा आउनमा केहि शंका हुंदैनन् ।

# अभिव्यक्ति, संगठन र भेला हुने स्वतन्त्रता संसारभरनै गम्भीर जोखिममा

*सरकारहरूले असहमतिलाई दबाउन र मानवअधिकारको अवस्थाबारेमा छलफल गर्न रोक्नका लागि अनेकथरी बहानाबाजीलाई प्रयोग गर्न बन्द गर्नुपर्छ : एम्नेस्टी इन्टरनेसनलको प्रतिवेदन २०२२*

विमती र नागरिक समाज माथिको दमन मानअधिकार उल्लघंनको एक प्रमुख प्रवृत्ति मध्ये पर्दछ । अभिव्यक्ति स्वतन्त्रता र संघ संस्थामा हुने केही दमनहरू सशस्त्र द्वन्द्वसँग सम्बन्धित छन् । रूसको नयाँ कानुनले युक्रेनमा छेडिएको युद्धको बारेमा आलोचनात्मक तरिकाले उल्लेख गर्नलाई कडा रूपमा रोकेको छ। यसले गर्दा हजारौं प्रशासनिक र फौजदारी अभियोगहरू लगाइयो र दर्जनौं स्वतन्त्र मिडियाहरुलाई बन्द गरियो । इथियोपियामा अधिकारीहरूले स्वेच्छाचारी रूपमा मिडियाकर्मीहरूलाई गिरफ्तार गरे र यसले शान्तिको आह्वान गर्ने नागरिक समाजका संगठनहरूको प्रयासलाई छेक्यो । अन्य ठाउँमा भएका दमनहरूमा सरकारले सशस्त्र तवरमा सत्ताविप्लप गरी सत्ता हत्याएको छ । अफगानिस्तानमा तालिबान अधिकारीहरूले सन् २०२१ मा देश कब्जा गरेपछि उनीहरूबारे आलोचनात्मक रिपोर्टिङ गरेकोमा पत्रकारहरूलाई स्वेच्छाचारी तवरमा हिरासतमा लिने, यातना दिने र दुर्व्यवहार गर्ने कार्य गरे । म्यानमारमा सन् २०२१ को सत्ताविप्लवपछि सत्ता हत्याएका सैनिक अधिकारीहरूले दर्जनौं सञ्चारकर्मीलाई गिरफ्तार गर्ने, स्वतन्त्र मिडियाहरुमाथि प्रतिबन्ध कायम राखे र गैरसरकारी संस्थाहरूको वैध काममा प्रतिबन्ध लगाउँदै उक्त प्रतिबन्धको पालना नगर्नेलाई जेल सजाय गरे । सन् २०२० र २०२१ मा राज्यविप्लव भएको मालीमा अधिकारीहरूले राष्ट्रिय र विदेशी प्रसारकहरूलाई निलम्बन गरे र सरकार वा सेनाको आलोचना गरेकोमा पत्रकार र अन्यलाई गिरफ्तार गर्ने वा धम्की दिए ।



कतिपय शक्तिशाली ठानिएका राज्यहरुले पनि विदेश र स्वदेशमा उनीहरूको मानवअधिकारको अभिलेख बारेको छलफललाई रोक्नको लागि नागरिक समाजलाई दबाए । चिनियाँ सरकारले देशभित्र अझै व्यापक सेन्सरसिप लागू गर्दै हजारौं पुरुष र महिलाहरूलाई स्वेच्छाचारी तवरमा हिरासतमा राख्यो । सिन्जियाङ प्रान्तमा उइगर र अन्य मुस्लिम जातीय अल्पसंख्यक समूहहरूविरुद्ध भएको मानवताविरुद्धको अपराधको दस्तावेजीकरण गरी संयुक्त राष्ट्र सङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयले तयार पारेको एउटा बलियो र लामो समयदेखि प्रतिक्षित प्रतिवेदनको घोर आलोचना गर्‍यो । भारत सरकारले मानवअधिकार रक्षकहरूलाई अन्तर्राष्ट्रिय यात्रामा प्रतिबन्ध लगाएको छ ।

टर्कीमा संसदले सामाजिक सञ्जालमा सरकारको नियन्त्रणकारी शक्ति बढाउने गरी गलत वा भ्रामक सूचनासम्बन्धी नयाँ कानुन पारित गर्‍यो । अधिकारीहरूले दर्जनौं पत्रकार, मानवअधिकार रक्षक र विपक्षी राजनीतिज्ञहरूलाईझूठाआतंकवादसम्बन्धी अभियोग लगाएर हिरासतमा राखे र अभियोजन गर्ने कार्य जारी राखे । इजिप्टमा सरकारले नोभेम्बरमा आतिथ्यता गरेको संयुक्त राष्ट्र सङ्घको जलवायु परिवर्तनसम्बन्धी फ्रेमवर्क महासन्धिको पक्ष राष्ट्रहरूको २७ औं सम्मेलन (कोप २७) को आयोजना अघि राजनीतिक कारणले बन्दी बनाइएका सयौंलाई रिहा गरेर आफ्नो छविलाई आंशिक रूपमा सुधार गर्न खोज्यो । यद्यपि, कोप २७ को समयमा प्रदर्शनको आह्वान गरेको भन्ने सम्बन्धमा पक्राउ परेका सयौंका साथै वास्तविक वा कथित असहमतिका लागि सोही अवधिमा उनीहरूले रिहा गरेको भन्दा करिब तीन गुणा संख्यामा अन्यलाई स्वेच्छाचारी रूपमा हिरासतमा लिएर राखे ।

इजिप्टका घटनाहरू एकातिर अभिव्यक्ति स्वतन्त्रता र अर्कोतिर जलवायु न्याय र वातावरणीय ह्रासबीचको सम्बन्धको एउटा उदाहरण थियो । अन्यत्र वातावरण जोगाउन अभियान चलाउने अभियानकर्मीहरूलाई मार्ने वा धम्की दिने कार्य भयो । ल्याटिन अमेरिकामा यो सबैभन्दा बढी टड्कारो प्रमाणको रूपमा रहेको थियो सन् २०२२ को आफ्नो प्रतिवेदनमा ग्लोबल विटनेसले सन् २०२१ मा भूमि र पर्यावरण रक्षकहरूको तीन चौथाई हत्या त्यही क्षेत्रमा भएको जनाएको थियो ।

विश्वभरका मानिसहरू जलवायु परिवर्तनलाई संबोधन गर्न नसकेकोमा तथा युद्ध, राजनीतिक सङ्कट, जीवनयापनको बढ्दो लागत, गर्भपतनको अधिकारमा प्रतिबन्ध, महिला हिंसा र विभेदलगायतका अन्य विविध सरोकारका विषयमा एकजुट भएर प्रदर्शनमा उत्रिएका थिए । विरोधलाई दबाउनका लागि राज्यहरूले प्रायः गैरकानुनी र कतिपय अवस्थामा घातक बलको प्रयोग गरे । इरानमा यो क्रूरतापूर्वक प्रदर्शित भएको थियो । सेप्टेम्बरदेखि अधिकारीहरूले र र अझ व्यापक रूपमा इस्लामिक गणतन्त्र आफैंले दशकौंदेखि विद्यमान रहेको लिङ्गमा आधारित विभेद र चरम दमनका विरुद्ध भएको अभूतपूर्व विद्रोहलाई गोला, बारुद, धातुको गोली र पिटाइले प्रतिकार गर्दै दर्जनौं बालबालिका सहित सयौं मानिसहरूको हत्या गरे । यसैबीच डिसेम्बरमा तत्कालीन राष्ट्रपतिलाई अपदस्त गरिएपछिको राजनीतिक सङ्कटको समयमा भएको विरोध प्रदर्शनको जवाफमा सुरक्षा बलहरूले गैरकानुनी बल प्रयोग गर्दा पेरूमा २० जना भन्दा बढीको मृत्यु भएको थियो ।

विश्वभरका देशहरूमा सुरक्षा बलहरूले विरोध प्रदर्शनलाई तह लगाउन बन्दुक तथा लाठी, अश्रुग्यास र रबरका गोलीलगायतका अन्य विभिन्न थरिका कम - घातक हतियारहरूको प्रयोग गरे केही सुरक्षा बलहरूले स्वेच्छाचारी रूपमा प्रदर्शनकारीहरूलाई हिरासतमा लिए र उनीहरूविरुद्ध कहिलेकाहीं त खुट्टा बाँध्न प्रयोग गरिने सिक्रि जस्ता दुर्यव्यवहारजन्य उपकरणहरूको समेत प्रयोग गरेर यातना वा अ न य

- बाँकी पृष्ठ ६ मा

# मदन भण्डारी राजमार्ग : दुई सय ८६ किमी ठेक्का लगाउन बाँकी



काठमाडौँ, १७ चैत ।

मदन भण्डारी राजमार्ग आयोजना लक्षित समयमा सम्पन्न नहुने भएको छ । बर्सेनि कम बजेट विनियोजन हुँदा राष्ट्रिय प्राथमिकताप्राप्त सो आयोजना निर्धारित मितिमा सम्पन्न नहुने भएको हो । आगामी आर्थिक वर्ष २०८१/८२ सम्ममा सम्पन्न गर्नुपर्ने आयोजना अन्तर्गत कतै निर्माण भर्खर सुरु भएको छ त कतै-कतै ठेक्कामा जानसमेत बाँकी रहेको जनाइएको छ ।

आयोजनाले हालसम्म चार सय ५४ किमी ठेक्का व्यवस्थापन भएकामा दुई सय ६३ किमी सम्पन्न भएको छ । अझै दुई सय ८६ किमी ठेक्कामा जान बाँकी रहेकामा एक सय ८० किमी सहमतिका लागि अर्थ मन्त्रालयमा पठाइएको आयोजनाले जनाएको छ । सो खण्डमा स्रोत सुनिश्चितताका लागि अर्थ मन्त्रालयमा फाइल पठाइएको आयोजनाका सूचना अधिकारी शिवशरण तिमल्सिनाले बताउनुभयो ।

चालु आवमा सरकारले २४ किमीको लक्ष्य रहेको छ । उनले भने, "अहिलेसम्मको बजेट विनियोजन, अर्थ मन्त्रालयबाट दिइने स्रोत सुनिश्चितता, बहुवर्षीय ठेक्का सहमतिका आधारमा त्यो अवधिमा नसकिने देखिएको छ ।"

आयोजनाका लागि सुरु विनियोजित बजेट नै कम हुने गरेको आयोजनाले जनाएको छ । वार्षिकरूपमा पाँच अर्बमाथि खर्च हुने भए पनि चालु आवमा सुरु विनियोजन रु दुई अर्ब ८२ करोड थियो । उनले भने, "कम्तीमा गत आव जतिको खर्च हुन्छ । आवको अन्त्यमा जाँदा बर्सेनि थप बजेट माग्नुपर्ने अवस्था रहेको छ ।"बर्सेनि विनियोजित बजेट न्यून हुँदा आवको अन्त्यमा थप बजेट माग्नुपर्ने अवस्था रहँदै आएको छ । निर्माण व्यवसायीले बिल पेस गरेर रकम माग गर्ने तर समयमा पैसा नपाएपछि काम सुस्त गर्ने हुने उनले बताए । यसले गर्दा मजदुरले ज्याला नपाउने र निर्माण सामग्रीको पैसा दिन नसकेपछि पैसा नआउँदासम्म काम रोक्नुपर्ने हुनसक्ने उनको भनाइ छ ।

आयोजनाअन्तर्गत ठेक्कामा जान बाँकी सडक र पुल दुवैका आधारमा तोकिएको अवधिमा आयोजना सम्पन्न नहुने देखिएको सूचना अधिकारी तिमल्सिनाले जानकारी दिए । बहुवर्षीय ठेक्का सहमति चाहिने र अर्थ मन्त्रालयबाट सहमति आएपछि ठेक्का व्यवस्थापन गर्न केही समय लाग्ने उनले बताए ।अहिले चलिरहेको ठेक्काको प्रगति राम्रो रहेको आयोजनाको दाबी छ ।

समयमा बजेट र स्रोत सुनिश्चितता नहुँदा कति वर्षमा सकिन्छ भन्न नसकिने भए पनि बजेट पर्याप्त हुँदा अबको तीनदेखि चार वर्षमा सम्पन्न गर्न सकिने सूचना अधिकारी तिमल्सिनाले जानकारी दिए । उनले भने, "प्रगति बढाउनका लागि सुरु विनियोजन राम्रो हुनुपर्छ र स्रोत सुनिश्चितता हुनुपर्छ ।" ठेक्कामा जान बाँकी पुल छोटा र लामा दुवै किसिमका पुल रहेको उनले बताए । कणार्ली नदीलगायत ठूला नदीमा पुल बनाउनुपर्ने रहेकामा त्यो लामो हुने देखिएको छ । अरुतिर डेढदेखि दुई सय मिटरसम्मका पुल निर्माण गर्नुपर्ने उनले बताए ।अहिले निर्माण भइरहेको धरान-झापा खण्डमा जम्मा सात मिटर मुख्य सडक र दुवैतर्फ दुई-दुई मिटर नाली र पैदलयात्रुमार्ग गरी ११ मिटर रहेको छ । तराईमा ११ मिटर भए पनि पहाडमा छेउ संरचनाको भाग घटाएर डेढ मिटर त कतै ७५ सेन्टिमिटरमात्रै गरेर घटाइएको सूचना अधिकारी तिमल्सिनाले बताए । उनले भने, "भूगोलअनुसार चौडाइ कायम गरिएको छ ।"

सडकको चौडाइको समस्या बजार क्षेत्रमा बढी रहेको छ । साविकको बाटो चौडा गर्दा घर र टहरा पर्ने ठाउँमा समस्या रहेको उनले बताए । निर्माणाधीन अरु सडकमा जस्तै यो राजमार्गमा पनि सडकको अधिकार क्षेत्रका कारण समस्या आइरहेको छ । धरान, सुनसरी, मोरङ र झापामा अहिले निर्माणको काम भइरहेको छ । जुन-जुन ठाउँमा निर्माण भयो त्यहाँ-त्यहाँ समस्या आइरहेको उनले बताए । अन्य निकायले यसअघि नै निर्माण भइरहेका सडकलाई कतिपय ठाउँमा अरु राजमार्गसँग जोड्ने वा गाभिने गरी सडक निर्माण गरिएको आयोजनाले जनाएको छ । विगतमा सञ्चालनमा रहेका सडक जोडेर बनाइएकाले पनि भइरहेको सडकको स्तरोन्नतिको काम बढी रहेको उनले बताए । उनले भने, "हेटौँडाबाट गैंडाकोटसम्म महेन्द्र राजमार्ग, सिन्धुलीमा गए पनि बिपी राजजमार्ग, पश्चिममा रत्न राजमार्गमा गएर राजमार्ग मिसिएको छ ।"

पहिलो चरणमा भइरहेका राजमार्गमा जोड्ने काम नै भइरहेको उनले बताए । राजमार्गको स्तरमा नभएका स्थानमा पनि दुई लेनमा सडक स्तरोन्नति गरिने उनले बताए । अहिले रिडी-तम्घासको २५ किमी खण्डमा दुई लेनमा स्तरोन्नति भइरहेको छ । अहिले एक वा मध्यवर्ती (इन्टरमेडिएट) सडकलाई दुई लेनमा लैजाने गरी छलफल भइरहेको उनले बताए । उनले भने, "अबका दिनमा अरुको स्वामित्वको सडक पनि दुई लेनमा स्तरोन्नति गर्ने लक्ष्य रहेको छ ।"केही समय पहिले गृह मन्त्रालयले खानी उत्खननमा गरेको कडाइका कारण निर्माण सामग्री पाउन गाह्रो हुन थालेको थियो । अहिले खुलाइएकाले केही सजिलो भएको सूचना अधिकारी तिमल्सिनाले बताउनुभयो । चुरे फेदीमा राजमार्ग बन्ने र त्यस क्षेत्रमा उत्खनन सजिलो नभएकाले समय-समयमा समस्या आइरहेको उनले बताए ।

राजमार्ग निर्माणका क्रममा रुख कटानको समेत समस्या आइरहेको छ । धरान-झापामा वन कटानका लागि परिमार्जित अध्ययन गरेर सहमति लिन फाइल उठाइएको उहाँले बताउनुभयो । पहिले अध्ययन गरेको भए पनि काट्नुपर्ने रुख संख्या थपघट भएर पुनः गर्नुपर्ने भएकाले पुनः गरिएको हो । आयोजनाअन्तर्गतका योजना कार्यालयले अहिले धरान-झापा, गुल्मी, सुर्खेतलगायतका जिल्लामा काम गरिरहेका छन् । पूर्वी खण्डमा धरान-झापा खण्डमा केही बाँकी छ भने पश्चिम खण्डमा बढी काम बाँकी रहेको छ ।

पूर्व-पश्चिम जोड्ने चौथो राजमार्गका रूपमा रहेको सो राजमार्गको लम्बाइ एक हजार तीन सय ९० किमी छ । सो मध्ये पनि आयोजनाले सात सय ४० किमी सडक र एक सय ८५ पुलको निर्माण गरिरहेको छ ।विसं २०७५ जेठ ६ को मन्त्रिपरिषद् बैठकबाट मदन भण्डारी राजमार्ग नामकरण गरेर निर्माण सुरु गरिएको थियो । त्यतिबेला लक्ष्य निर्धारण नभए पनि सरकारले नीति तथा कार्यक्रममा आव २०८१/८२ मा सम्पन्न गर्ने लक्ष्य निर्धारण गरेको थियो ।रासस

# तीन महिनामा धेरै काम भएका छन् : प्रधानमन्त्री



काठमाडौँ, १७ चैत ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफ्नो नेतृत्वको सरकारले तीन महिनामा महत्वपूर्ण काम सम्पादन गरेर जनतामा आशा जगाउन सफल भएको बताएका छन् ।

नेकपा (माओवादी केन्द्र)को केन्द्रीय कार्यालय पेरिसडाँडामा अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी)को केन्द्रीय समितिको बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले थिति बसाल्न तीन महिनामा महत्वपूर्ण काम भएको बताएका छन् ।

प्रधानमन्त्रीले भने, "बेथितिहरू अन्त्य गर्न र थिति बसाल्न यस अवधिमा महत्वपूर्ण काम भएका छन् ।

मन्त्रिपरिषद्को बैठकले निजी क्षेत्रको समस्या समाधानका लागि मौद्रिक नीतिमा सहजीकरण गरिएको छ ।"राजस्व सङ्कलनमा सुधार आएको, विदेशी मुद्रा सञ्चिति बढेको र विप्रेषणमा सुधार आएको उल्लेख गर्दै उहाँले सेवा प्रवाह गर्ने कार्यालयका लामा-लामा लाइन हटेको बताए ।

राहदानी, सवारी चालक अनुमतिपत्रलगायतका काममा विगतको झन्झट हटेको जानकारी दिँदै प्रधानमन्त्रीले यसलाई ठीक ढङ्गले बुझेर जनतामा लैजानुपर्ने बताए ।

"सुशासन र समृद्धिका लागि महत्वपूर्ण काम भएका छन् । कानुन निर्माणका कामले गति लिएका छन", प्रधानमन्त्रीले भने, "एउटा समीकरणबाट सरकार गठन भयो, तर राष्ट्रिय सहमति खोज्दै जाँदा सहमति भएन, त्यसपछि अर्को गठबन्धनमा जानुपर्ने परिस्थिति आयो । त्यसले गर्दा कतिपय भएका काम पनि ओझेल परेकोजस्तो छ । आज सरकार विस्तार भएपछि सरकारले गति लिन्छ ।"

नेपालको क्रान्तिकारी आन्दोलनमा महिलाले प्रदर्शन गरेको वीरता र बलिदानबाट नेपालमा युगान्तकारी परिवर्तन आएको स्पष्ट पार्दै प्रधानमन्त्रीले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको र संविधानले महिला अधिकारलाई उचाइका साथ प्रबन्ध गरेको बताए ।

प्रधानमन्त्रीले भने, "विश्व राजनीति नै नयाँ ध्रुवीकरणमा छ । त्यसको विश्वव्यापी प्रभाव छ । रूस-युक्रेन युद्धपछि विश्व परिस्थितिमा आएका फेरबदललाई ठीक ढङ्गले बुझ्न र सोहीअनुरूपको राष्ट्रिय नीति आवश्यक छ ।"बैठकमा अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) का अध्यक्ष अमृता थापाले सङ्गठनको पछिल्लो अवस्था र आगामी दिनमा सम्पादन गर्नुपर्ने कामका बारेमा जानकारी गराउनुभएको थियो ।रासस

# स्थानीय तहबाटै श्रम स्वीकृतिको आवेदन दिंदा श्रमिकलाई के फाइदा ?




काठमाडौँ, १७ चैत ।

सरकारले आगामी वैशाख १ गतेदेखि वैदेशिक रोजगारीका लागि लिइने श्रम स्वीकृतिको आवेदन स्थानीय तहबाट गर्न सकिने व्यवस्था गरेको छ । अहिले नयाँ श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिको काम अनलाइनबाट भइरहेको छ । अनलाइनबाट आफैँ श्रम स्वीकृतिका लागि आवेदन दिन नसक्नेले भने वैदेशिक रोजगार कार्यालय आसपास रहेका सेवा प्रदायकबाट शुल्क तिरेर सेवा लिँदै आएका छन् । सरकारले स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रमार्फत नै निःशुल्करूपमा आवेदन दिन सक्ने निर्णय गरेको छ ।

सेवाग्राहीलाई नजिकको स्थानबाटै सेवा प्रदान गर्ने उद्देश्यअनुरुप स्थानीय तहबाट नै सेवा प्रवाह हुनु फलदायी हुने भन्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको समेत जिम्मेवारी सम्हालेका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मन्त्रीस्तरबाट बुधबार उक्त निर्णय गर्नुभएको हो । स्थानीय तहबाटै वैदेशिक रोजगारीसम्बन्धी सूचना सरोकारवालामा पुर्‍याउने र वैदेशिक रोजगारीका लागि व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिका लागि आवेदन गर्ने कार्य आगामी वैशाख १ गतेदेखि स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रमार्फत समेत गर्ने गरी प्रधानमन्त्रीबाट निर्णय भएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका सहप्रवक्ता कविराज उप्रेती रोजगार सेवा केन्द्रबाट नै श्रम स्वीकृतिका लागि आवेदन दिन सकिने भएपछि वैदेशिक रोजगारीमा जाने श्रमिकले निकै फाइदा लिनसक्ने बताउछन् । आफ्नो गाउँमै रहेको सेवा केन्द्रमार्फत आवेदन दिन सकिने भएपछि रोजगार कार्यालय आसपास रहेका सेवा प्रदायककोमा फारम बुझाउन जान नपर्ने उनको भनाइ छ । "अब श्रमिकले सटरमा फारम बुझाउन जान परेन, रोजगार सेवा केन्द्रबाट निःशुल्क सेवा लिन सकिनेछ, यसबाट श्रमिकको समय र पैसा पनि बचत हुन्छ", सहप्रवक्ता उप्रेती बताउछन् ।

सरकारी निकायबाटै आवेदन दिन सकिने भएपछि श्रम स्वीकृतिका लागि आवश्यक कागजपत्र नपुगेको भन्दै सेवाप्रदायकले सेवाग्राहीसँग गर्ने अनुचित लेनदेनको अवस्था पनि यसले अन्त्य गर्ने उनको विश्वास छ ।

"कागजपत्र लिने र स्क्यान गर्ने तर कुनै कागजपत्र श्रम स्वीकृति लिने प्रणालीमा अपलोड नगर्ने र सेवाग्राहीसँग कागजात पुगेन भन्दै बार्गेनिङ गर्ने प्रवृत्ति अन्त्य हुनेछ", सहप्रवक्ता उप्रेती भन्छन् ।सेवा केन्द्रबाट आवेदन दिँदा सम्बन्धित स्थानीय तहबाट कति श्रमिक वैदेशिक रोजगारीमा गए, कुन-कुन सीपयुक्त जनशक्ति बाहिरिए भनी तथ्याङ्क राख्न पनि सहयोग हुनेछ । बेरोजगार र रोजगारको स्थितिका बारेमा पनि जानकारी लिन सकिने उनको भनाइ छ । मन्त्रालयले चैत महिनाभित्रै रोजगार सेवा केन्द्रमा रहेका कर्मचारीलाई अभिमुखीकरण गर्ने तयारी गरेको छ ।

"चैतभित्र अभिमुखीकरण सम्पन्न गरी वैशाख १ देखि कार्यान्वयन गर्ने तयारी गरेका छौँ", उनी भन्छन्, "रोजगार संयोजक र सहसंयोजकलाई अनलाइबाटै अभिमुखीकरण गर्ने योजना छ ।"सरकारले सात सय ५३ स्थानीय तहमा रोजगारसम्बन्धी सेवा प्रवाहमा सहजीकरण गर्ने गरी रोजगार सेवा केन्द्र स्थापना गरेको छ । उक्त केन्द्रमा रोजगार संयोजक र रोजगार सहसंयोजक गरी दुई कर्मचारीको दरबन्दी उपलब्ध गराइएको छ ।रासस

# छ दशकपछि भरतपुर विमानस्थल स्तरोन्नति र विस्तार गरिँदै

चितवन, १७ चैत

छ दकपछि भरतपुर विमानस्थलको स्तरोन्नति र विस्तार हुने भएको छ । भरतपुर महानगरपालिकाले नगरभित्रको गौरवको आयोजनाको रुपमा लिएको उक्त विमानस्थलको स्तरोन्नति र विस्तार गर्न लागिएको हो ।



भरतपुर महानगरपालिकाकी प्रमुख रेनु दाहालका अनुसार तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्र अधिकारी हुँदा सुरु गरिएको पहल कदमी मन्त्री सुदन किराँतीसम्म आइपुग्दा काम अघि बढ्ने अवस्थामा पुगेको छ । उनले भने, "यो पाँच वर्षको अवधिमा हामीले छ पर्यटन मन्त्रीसँग नियमित छलफल गर्‍यौं । महानगर, प्राधिकरण, मन्त्रालय हुँदै प्रधानमन्त्रीको निजी निवास र कार्यालयमा धेरै पटक छलफल भएको छ ।"प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को निरन्तरको पहलले सार्थकता पाएको हो । पर्यटनमन्त्री अधिकारी हुँदा तत्कालिन समयमा चितवन क्षेत्र नम्बर ३ का सांसदसमेत रहेका प्रधानमन्त्री दाहालसहित जिल्लाका सरोकारवालाको उपस्थितिमा बृहत् छलफल गरेर अभियानको थालनी गरिएको थियो । प्रमुख दाहालले भने, "झण्डै पाँच वर्ष फाइल बोकेर भरतपुर र काठमाडौँ ओहोर दोहोर गरे ।" विमानस्थलको धावनमार्ग विस्तारका लागि घोडा प्रजनन केन्द्रलाई गणेशस्थान र नेपाली सेनाको कालीबहादुर गणलाई दियालो बङ्गला सारिने भएको छ । ब्यारेक सार्ने निर्णय भइसकेको उल्लेख गर्दै उहाँले घोडा प्रजनन केन्द्र सार्न वनको जग्गा भएकाले केही निर्णय बाँकी रहेको बताए । बाँकी निर्णय दुई साताभित्रमा गरेर काम अघि बढ्ने छ ।

केही दिनअघि विस्तारका लागि प्रधानमन्त्रीको निवास बालुवाटार र कार्यालय सिंहदरबारमा नेपाली सेनासहितको सरोकारवाला बसेर टुङ्गोमा पुगेको दाहालले जानकारी दिए । यो विमानस्थलबाट मकवानपुरदेखि दाउन्नेसम्मका बासिन्दाले हवाई सेवा लिँदै आएका छन् । त्यस्तै तनहुँ र गोरखा आसपासका बासिन्दाले पनि यो विमानस्थलबाट सेवा लिँदै आएका छन् । विसं २०१५ देखि सञ्चालनमा आएको उक्त विमानस्थलमा २०१८ मङ्सिर १२ गते हवाई कार्यालय स्थापना गरिएको थियो । तत्कालीन समयमा टुइनेटरजस्ता १८ सिटे जहाजमात्रै सञ्चालन हुँदै आएकामा पछिल्ला वर्षमा एटिआर ४२, जेटस्टिम बिचक्राफ्टजस्ता मझौला र आधुनिक जहाजको उडान हुँदै आएको छ । एक हजार दुई सय मिटरमात्र धावनमार्ग भएको तथा उडान र अवतरण क्षेत्रमा भौतिक संरचनाका कारण यो विमानस्थल जोखिमपूर्ण मानिएको छ । धावनमार्गलाई एक हजार पाँच सय मिटर लामो बनाएर एटिआर ७२ वा सोसरहका ७२ सिटे जहाजले उडान गर्न मिल्ने गरी विस्तार गर्न लागिएको हो । यससँगै आधुनिक ट्रमिनल भवन बनाइँदै छ । एक अर्ब ९२ करोडको लागतमा निर्माण गर्न लागिएको अत्याधुनिक ट्रमिनल भवनको बिहीबार प्रधानमन्त्री दाहालले शिलान्यास गर्नुभएको छ । छोटो धावनमार्ग, उडान र अवतरण क्षेत्र अतिक्रमण तथा उच्च जोखिमसँगै महँगो हवाई भाडा तिर्न यहाँका बासिन्दा बाध्य छन् ।

हाल यहाँबाट काठमाडौँ र पोखरा बुद्ध एयरले उडान भर्दै आएको छ । दैनिक आठ उडान हुँदै आएको छ । कोभिड-१९ अघिसम्म यो सत्_या १२ रहेको विमानस्थलले जनाएको छ । दैनिक सात सयभन्दा बढी यात्रुले सेवा लिँदै आएका छन् ।सन् १९५८ मा निर्माण कार्य सम्पन्न भई पहिलो उडान सन् १९६१ मार्च ५ मा भएको तथ्याङ्क छ । सन् १९९४ मा एक हजार एक सय ५८ मिटर धावनमार्ग बनाइएको सो विमानस्थलको सन् १९९८ मा एसियाली विकास बैंकको सहयोगमा कालोपत्र सम्पन्न भएको नागरिक उड्डयन प्राधिकरणका महाप्रबन्धक प्रदीप अधिकारीले जानकारी दिए ।देशको मध्य भागमा पर्ने भएकाले सन् १९८८ मा अन्तर्राष्ट्रिय विमानस्थल बनाउने उद्देश्यले अध्ययन गरिए पनि वातावरणीय र पर्यावरणीय दृष्टिकोणले क्षति हुनसक्ने भएपछि काम अघि बढ्न सकेको थिएन । विमानस्थल ५८ बिघामा फैलिएको छ । सन् १९५८ मा संयुक्त राज्य अमेरिकाको सहयोगमा मलेरिया नियन्त्रण कार्यक्रमअन्तर्गत यो विमानस्थल निर्माण गरिएको हो । अहिले विमानस्थल १० घण्टाको हाराहारीमा मात्र सञ्चालन हुँदै आएको छ । विस्तारसँगै रात्रिकालीन उडानसमेत गरिने छ । भरतपुर विमानस्थलको समयसापेक्ष विकास र विस्तारमा ढिलाइ भएको अधिकारीले बताउनुभयो । विमानस्थलको आवश्यकता, औचित्य र महत्वबारे आफैँले बुझेर हृदयङ्गम गर्ने नेतृत्वको अभाव हुँदा विस्तार र विकास हुन नसकेको उनको भनाइ छ । विमानस्थल विस्तारका लागि १९ बिघा नेपाली सेनाको लिनुपर्ने हुन्छ । यस क्षेत्रमा बाँकी रहेको जमिनमा नेपाली सेनाको हेङ्गर र उद्यान बनाइने बताइएको छ ।रासस

# ३६ वर्षमा भण्डारी १९ औं पटक मन्त्री

मधेशदृष्टि

जनकपुरधाम, १७ चैत। शुक्रवार प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकार विस्तार गरिएको छ। प्रधानमन्त्री प्रचण्डले १० जना मन्त्रीहरुलाई सहभागी गराएकोमा एउटा यस्तो व्यक्तित्व हुन् जसले देशैभरको इतिहासमा सबभन्दा बढी पटक मन्त्री बन्ने सूचीको पहिलो नम्बरमा छन् ।



लोकतान्त्रिक समाजवादी पार्टी लोसपाबाट मन्त्री बनेका शरतसिंह भण्डारी शुक्रवार १९ औं पटक मन्त्री अवसर पाएका हुन्। लोसपा वरिष्ठ नेता शरतसिंह भण्डारीलाई प्रधानमन्त्री प्रचण्डले श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रीको जिम्मेवारी पाएका छन् ।

विगत ३६ वर्षको राजनीतिमा यात्रामा भण्डारी स्वतन्त्र हुदैं विभिन्न दल गरी १२ पटक पुर्ण मन्त्री सहित राज्य, सहायक र विनाविभागी गरी १९ पटक मन्त्री बनिसकेको छन् । फरक-फरक व्यवस्था र दलको नेतृत्वमा गठित मन्त्रिपरिषदमा मन्त्री बन्ने अवसर भण्डारी पाउदैं आएका एकमात्र व्यक्ति हुन् ।

वरिष्ठ पत्रकार भैरव रिसाल र भरतराज पोखरेलले 'नेपालका मन्त्री र सांसदहरु' नामक पुस्तकमा २०७५ सम्म बनेका नेपालका मन्त्रिमण्डलहरुको सूची छ। जसमा भण्डारी मन्त्रिमण्डल निर्माण, पुनर्गठन र विस्तारमा गरी १७ पटक मन्त्री बनिसकेको देखिन्छ। २०७५ यता पनि उनी केपी शर्मा ओली र अहिले प्रचण्ड नेतृत्वको गरी १९ औँ पटक मन्त्री बनिसकेका हुन् ।

उनी पहिलो पटक २ असार २०४३ असारमा सहायक मन्त्रीका रुपमा मन्त्री मण्डलमा प्रवेश गरेका थिए। त्यसयता उनले ११ वटा मन्त्रालयको अनुभव बटुलिसकेका छन् । पञ्चायत तथा स्थानीय विकास सहायक राज्यमन्त्रीबाट सुरु भएको उनको मन्त्रीय यात्रा अहिले १९ औँ पटकसम्म आइपुग्दा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रीमा आएको छ।

यसबीचमा उनी वाणिज्य राज्यमन्त्री, विनाविभागीय राज्यमन्त्री, युवा खेलकुद तथा संस्कृति, स्वास्थ्य, पर्यटन तथा नागरिक उड्डयन, रक्षा, उर्जा, जलस्रोत तथा सिचाइँमन्त्री बनिसकेका छन् ।

लोसपा नेता भण्डारी नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारमा समेत उर्जा, जलस्रोत तथा सिचाइँमन्त्री बनेका थिए । ओलीसँग यसअघिको उनको कार्यकाल जम्मा १३ दिनको रहेको थियो । त्यसअघि २०६८ भदौमा डा. बाबुराम भट्टराई नेतृत्वको सरकारमा रक्षामन्त्री बनेका थिए । भण्डारी पञ्चायत, प्रजातन्त्र र गणतन्त्र गरी तीन वटै व्यवस्थामा सरकारमा सहभागी भएका नेताको सूचीमा छन् । उनी पञ्चायती व्यवस्था अन्तर्गत २ असार २०४३ मा मरिचमान सिंह श्रेष्ठ नेतृत्वको सरकारमा पहिलो पटक पञ्चायत तथा स्थानीय विकास सहायकमन्त्री बनेका थिए। प्रधानमन्त्री सिंह नेतृत्वको सरकार पुनर्गठन हुँदा २०४५ कात्तिकमा उनको मन्त्रालय परिवर्तन गरियो।

तत्कालीन प्रधानमन्त्री सिंहले पुनर्गठनका क्रममा भण्डारीलाई वाणिज्य राज्यमन्त्री बनाएका थिए। प्रधानमन्त्री सिंहले २०४६ भदौ १४ र चैत १९ मा पनि मन्त्रिपरिषद् पुनर्गठन गर्दा पनि भण्डारीले वाणिज्य राज्यमन्त्रीकै रुपमा निरन्तरता पाएका थिए।

२०४६ सालको जनआन्दोलनले व्यवस्था परिवर्तन गरेर मुलुकमा प्रजातन्त्र पुनर्स्थापना गरेपछि उनी २०५२ मा फेरि मन्त्री बने। २७ भदौ २०५२ मा प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारमा बिनाविभागीय राज्यमन्त्री नियुक्त भएका थिए । देउवा नेतृत्वको उक्त सरकारमा २०५२ मंसिर २७ मा बिनाविभागीय राज्यमन्त्री बनेका उनी २०५३ जेठ ४, जेठ २८ को पुनर्गठनमा पनि यथावत रहे। तर, २४ पुस २०५३ मा भएको पुनर्गठनमा बिनाविभागीय मन्त्रीमा उनको बढुवा भएको थियो। उनी २१ असोज २०५४ मा राप्रपा नेता सूर्यबहादुर थापाको नेतृत्वमा सरकार गठन हुँदा युवा खेलकुद तथा संस्कृति मन्त्री बनेको थियो। प्रधानमन्त्री थापाले २०५४ कात्तिक २१ र मंसिर १८ मा मन्त्रिपरिषद् पुनर्गठन गर्दा उनले खेलकुद मन्त्रीका रुपमा निरन्तरता पाएका थिए । १७ जेठ २०५६ मा कांग्रेस नेता कृष्णप्रसाद भट्टराईको नेतृत्वमा सरकार गठन भएको थियो । उक्त सरकारमा पनि भण्डारीले खेलकुद मन्त्रीका रुपमा निरन्तरता पाएका थिए । १६ असार २०५६ मा भएको मन्त्रिमण्डल विस्तारमा खेलकुद मन्त्रालय नै पाएका भण्डारीले त्यसै साल २७ फागुनमा भएको पुनर्गठनमा स्वास्थ्यमन्त्रीको जिम्मेवारी पाएको थियो।

२०५८ साउन ११ मा देउवा फेरि प्रधानमन्त्री हुँदा भण्डारीले फेरि स्वास्थ्यमन्त्री बन्ने मौका पाएका थिए भने २०६६ जेठमा माधवकुमार नेपाल नेतृत्वमा गठित सरकारमा पर्यटन तथा नागरिक उड्डयन मन्त्री, २०६८ भदौमा डा. बाबुराम भट्टराई नेतृत्वको सरकारमा उनले रक्षामन्त्री, २०७८ असार २९ मा एमाले अध्यक्ष ओली नेतृत्वको तत्कालीन सरकारमा भण्डारी १३ दिनका लागि उर्जा, जलस्रोत तथा सिचाइँमन्त्री बनेका थिए।

पुर्ख्यौली थलो पोखरा रहेका भण्डारी २०३८ र २०४३ मा महोत्तरीबाट राष्ट्रिय पञ्चायत सदस्यमा जितेका थिए। २०४६ मा बहुदलीय व्यवस्थाको पुनर्स्थापना भएपछि भण्डारीले पञ्चायती प्रधानमन्त्री सूर्यबहादुर थापा नेतृत्वमा गठन भएको राप्रपा (थापा) रोजेका थिए।

तर, २०५१ को निर्वाचनसम्म पुग्दा भण्डारीले राप्रपा पनि परित्याग मध्यावधि निर्वाचनमा भण्डारीले महोत्तरी-४ बाट स्वतन्त्र उम्मेदवारी दिए । सो निर्वाचनमा ११ हजार ३ सय ९५ मतका साथ विजयी भएका थिए । २०५१-०५५ को 'हङ पार्लियामेन्ट' का बेला उनी नेपाली कांग्रेससँग नजिकिएर पार्टी प्रवेश नै गरे। त्यो बेला उनी कांग्रेस नेता कृष्णप्रसाद भट्टराई निकट थिए।

कांग्रेस प्रवेश गरेपछि उनले २०५६ मा सोही पार्टीबाट महोत्तरी-३ बाट सांसद निर्वाचित भएका थिए। दोस्रो जनआन्दोलन लगत्तै मधेशमा मधेशवादी दलहरु शक्तिशाली बने । त्यसैक्रममा नेपाली कांग्रेस परित्याग गरी उनी मधेशी जनअधिकार फोरममा प्रवेश गरे । त्यसयता २०७० बाहेक भण्डारी सदैव मधेशवादी दलहरुबाट संसदमा निर्वाचित हुँदै आएका छन् । त्यसमध्ये २०६४ मा उनी तत्कालीन फोरमबाट निर्वाचित भएका थिए । महोत्तरीबाट पराजित भएपनि २०७४ को निर्वाचनमा भने राष्ट्रिय जनता पार्टी (राजपा) बाट निर्वाचित भएका थिए । यसपटकको निर्वाचनमा उनी लोसपाबाट निर्वाचित भएका हुन् ।

# १९ वर्षपछि मन्त्री बने राई

मधेशदृष्टि

जनकपुरधाम, १७ चैत। कुनै समयमा नेकपा एमालेका शक्तिशाली नेताको रुपमा रहेका अशोक राई पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारमा जनता समाजवादी पार्टी (जसपा) नेपालबाट १९ वर्षपछि मन्त्री बन्न सफल भएका छ्न ।

२०६० सालमा जनकपुरमा भएको सातौँ महाधिवेशनमा सर्वाधिक मतसहित एमालेको केन्द्रीय सदस्य बनेका अशोक राई २०६५ सालमा बुटवलमा सम्पन्न आठौँ महाधिवेशनमा सर्वाधिक मतसहित उपाध्यक्ष जितेका थिए । त्यतिबेला उनी एमालेमा शक्तिशाली नेता कहिले मन्त्री बन्न पाएनन् ।

तर एमालेमा आदिवासी जनजातिको अधिकार र पहिचान सुनिश्चित नभएको भन्दै उनले एमाले छाडेर आफ्नै नेतृत्वमा संघीय समाजवादी पार्टी नेपाल बनाएर अलग ढंगले राजनीति शुरु गरेका थिए । यद्यपि उनले आफ्नो नेतृत्वको पार्टी पनि लामो समय टिकाउन नसकेर उपेन्द्र यादव नेतृत्वको तत्कालीन मधेशी जनअधिकार फोरम नेपालसँग एकीकरण गरेर संघीय समाजवादी फोरम नेपालमा समाहित भए । शालिन, अनुशासित, भद्र र संगठन तथा विचारप्रति प्रतिवद्ध नेताको रुपमा परिचित अशोक राई जनता समाजवादी पार्टी नेपालबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र वन तथा मन्त्रालय सम्हाल्ने गरी सरकारमा सहभागी भएका थिए। जसपाका संघीय परिषद् अध्यक्ष राई सुनसरी-१ बाट प्रतिनिधिसभा सदस्यमा जितेका हुन् । नेकपा एमालेको समर्थनमा राईले १७ हजार ५९ मत ल्याएका थिए।

एमालेमा हुँदा दुई पटक मन्त्री बनिसकेका उनी लामो समयपछि बल्ल मन्त्री बनेका हुन् । तेस्रो पटक मन्त्री हुन उनले १९ वर्ष प्रतिक्षा गर्नु परेको छ । उपेन्द्र यादवको पार्टीसँग एकीकरण गरेर संघीय समाजवादी फोरम पार्टी बनाएपछि उनी २०७४ को चुनावमा पराजित भएका थिए । धरानमा कम्युनिस्ट नेताको रुपमा परिचित अशोक राई त्यतिबेला पराजितमात्र भएनन्, मंसिर १४ मा भएको उपनिर्वाचनमा समाजवादी पार्टीको जमानत नै जफत हुन गएको थियो।

२०७४ मा सुनसरी क्षेत्र नम्बर १ बाट चुनाव लडेका राईले प्रतिनिधिसभाको चुनावमा ७७ हजार ९० मतमध्ये २२ हजार १२३ मत ल्याएर दोस्रो स्थान हासिल गरेका थिए । उनलाई कांग्रेस पार्टीले पनि साथ दिएको थियो। २०७० को दोस्रो संविधानसभा चुनावको ६५ सिटमा संघीय समाजवादीले उम्मेदवारी दिए पनि प्रत्यक्षतर्फ एउटा पनि सिट जित्न सकेको थिएन । यद्यपि समानुपातिकबाट ५ वटा सिट ल्याउन सफल भएको थियो र उनी आफू पनि समानुपातिकबाट संविधानसभा सदस्य भएका थिए । उनको यस्तो लोकप्रियता थियो कि उनी आफ्नो राजनीतिक जीवनमा कहिल्यै पनि चुनाव हारेका थिएनन्। २०४८ र २०५१ सालमा खोटाङबाट उनी चुनाव जितेका थिए। २०५६ को चुनावमा उदयपुर झरेपछि प्रत्यक्ष चुनाव जित्नका लागि २४ वर्ष कुर्नु परेको थियो। २०३३ सालमा तत्कालीन कोअर्डिनेशन केन्द्रका नेता अमृत बोहराबाट पार्टी सदस्यता लिएर उनले राजनीतिक यात्रा सुरु गरेका थिए । २०५४ मा एमाले विभाजन हुँदा उनी मालेतर्फ गए । पछि २०५९ मा वामदेव गौतमसँगै उनी एमालेमा फर्केका थिए । २०४८ को निर्वाचनमा तत्कालीन पूर्वाञ्चलमा ओखलढुंगा र सोलुखुम्बुबाहेक अन्यत्र एमालेले सानदार नतिजा ल्याएपछि उनको कामबाट तत्कालीन महासचिव मदन भण्डारीसमेत प्रभावित थिए । राई विचारमा भने अडान राख्ने नेता हुन् । २०४९ को पाँचौँ महाधिवेशनमा उनै भण्डारीले अघि सारेको जनताको बहुदलीय जनवादको पक्षमा उनी गएनन्। उनी सीपी मैनालीले अघि सारेको परिमार्जित नौलो जनवादको पक्षमा उभेका थिए।

# निजामित सेवाको नाम फेर्नुपर्ने

मधेशदृष्टि

काठमाडौ, १७ चैत।



नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले निजामती सेवाको नाम नै फेर्नुपर्ने बताएका छन् । शुक्रवार काठमाडौंमा आयोजित स्थानीय तह कर्मचारी युनियन, नेपालको प्रथम केन्द्रीय महाधिवेशन उद्घाटन समारोहलाई सम्बोधन गर्दै नेता निधिले निजामती सेवाको नाम फेर्नुपर्ने बताए।

उनले आफू सामान्य प्रशासनमन्त्री भएको बेलामा पनि निजामती सेवाको नाम फेर्ने विषयमा छलफल चलाइसकेको बताउंदै लोकसेवा आयोगले कर्मचारीहरुको भर्ती गर्ने हुँदा लोकसेवा कर्मचारी भन्न सकिने बताए। उनले निजामती शब्द उर्दुबाट आएको उल्लेख गर्दै निजाम्को अर्थ 'राजा' हुने बताए । उनले राजाको सेवामा खटिनेहरुलाई 'निजामती' भन्ने गरिएको र त्यही शब्द विकसित हुँदै 'निजामती' भएको दाबी गरे । नेता निधिले निजामती शब्द समय सान्दर्भिक नभएकाले समय सान्दर्भिक नाम खोज्नुपर्ने बताए।

निधिले राजनीतिज्ञ र कर्मचारीहरुको सहकार्य सफल भएमा देश र जनताले प्रगति गर्ने बताउंदै राजनीतिक स्थिरताका लागि पनि स्थानीय तहको भूमिका महत्त्वपूर्ण हुने बताए।

## अभिव्यक्ति, संगठन ...............

दुर्व्यवहार गरे। प्रहरीले कानुन कार्यान्वयनका लागि आफ्नो अधिकार प्रयोग गर्ने सन्दर्भमा उपकरणहरूको दुरुपयोगलाई बढाए। साथै, त्यस्ता उपकरणहरुको सामान्यता तिनीहरूको आयात र निर्यातमा विश्वव्यापी मानवअधिकार नियन्त्रणको अभावले सहज पारेको थियो । यद्यपि, मेमा संयुक्त राष्ट्र सङ्घ महासभाको अनुरोधमा सरकारी विशेषज्ञहरूको समूहले एक प्रतिवेदन जारी गरेका थिए जसले हतियारको व्यापारलाई नियमन गर्न कानुनी रूपमा बाध्यकारी दस्तावेजको विकल्पलाई अगाडि सारेको थियो । अर्जेन्टिना, युरोपिय युनियन र मंगोलियाले सम्भावित सन्धिको पक्षमा पैरवी गर्दै ६० भन्दा बढी राष्ट्रहरूको विश्वव्यापी गठबन्धनको नेतृत्व गरे मानवअधिकार संगठनहरूले उक्त सन्धिमा समावेश गर्नका लागि केही मुख्य बुँदाहरू समावेश गर्नका लागि प्रस्ताव गरेका थिए।

राज्यहरूले विरोध प्रदर्शनहरूलाई अन्य माध्यमबाट पनि दबाए । अष्ट्रेलिया, भारत, इन्डोनेसिया र बेलायत लगायत देशका अधिकारीहरूले विरोध प्रदर्शनमा प्रतिबन्ध लगाउने नयाँ कानुन पारित गरे । राज्यका नीतिहरूलाई चुनौती दिँदै प्रदर्शन गर्नेहरूलाई रोक्न अन्य सरकारहरूले सङ्कटकालीन अवस्थाहरूको प्रयोग गरे, जस्तै श्रीलंका अन्यले कोभिड - १९ को बहाना बनाए, जस्तै चीन। कसैले निर्वाचनको सन्दर्भलाई अघि सारे, जस्तै गिनी, जहाँ सन् २०२१ मा अर्को सत्ता विप्लव भएको थियो। सरकारहरूले प्रदर्शनकारीहरूलाई विफल पार्ने प्रयासस्वरूप अनलाइन सिभिक स्पेसलाई पनि दमन गरे । इरान र म्यानमार इन्टरनेट र दूरसञ्चार सेवा बन्द गर्ने वा अवरुद्ध गर्नेहरूमध्ये रहेका थिए।

जसरी सशस्त्र द्वन्द्वको अवस्थाहरूमा संयुक्त राष्ट्र सङ्घ र अन्तर्राष्ट्रिय फौजदारी अदालतको प्रतिक्रियामा एक रूपता थिएन । त्यसैगरी यी विभिन्न गम्भीर मानवअधिकार उल्लङ्घनका साथै अभिव्यक्ति स्वतन्त्रता, सङ्गठन गर्ने स्वतन्त्रता र शान्तिपूर्ण भेला हुने स्वतन्त्रता भन्दा अन्य मानवअधिकार उल्लङ्घनहरूका सवालमा पनि अन्तर्राष्ट्रिय प्रतिक्रिया असंगत थियो। एकातिर संयुक्त राष्ट्र सङ्घीय मानवअधिकार परिषद्ले रूसको मानवअधिकारको अवस्थासम्बन्धी विशेष प्रतिवेदक र इरानमा भएको विरोध प्रदर्शनको घातक दमनलाई ध्यानमा राख्दै इरानका लागि एउटा अनुसन्धान संयन्त्रको स्थापना गर्यो अर्कोतर्फ, परिषद्ले चीनको सिन्जियाङमा मानवता विरुद्धको सम्भावित अपराधमा संयुक्त राष्ट्र सङ्घको आफ्नै प्रमाणमाथि थप अनुसन्धान वा छलफल नगर्ने भनी मतदान गर्यो र फिलिपिन्ससँग सम्बन्धित एउटा प्रस्तावलाई रोक्यो।

त्यसैगरी, इजरायलले रंगभेदी प्रणाली स्थापना गरेको भनी एम्नेस्टी इन्टरनेसनल लगायतका मानवअधिकार संगठनहरूको बढ्दो समूहले निकालेको विश्लेषण र निष्कर्षलाई संयुक्त राष्ट्र सङ्घका विशेषज्ञहरूले समर्थन गर्दागर्दै पनि इजरायलका सहयोगीहरूले दृढताका साथ इन्कार गरे यसैबीच संयुक्त राष्ट्र सङ्घका तीन "स्तम्भहरू" मध्येको एक अन्तर्राष्ट्रिय मानवअधिकार प्रणाली लामो समयदेखि आर्थिक स्रोतका अभावमा रह्यो । केही राष्ट्रहरूले आवश्यक संयन्त्रहरूको परिचालनलाई पराजित गर्न बजेट प्रक्रियालाई हतियार बनाउन खोजेका थिए।

सरकारहरूले असहमतिलाई दबाउन र मानवअधिकारको अवस्थाबारेमा छलफल गर्न रोक्नका लागि अनेकथरी बहानाबाजीलाई प्रयोग गर्न बन्द गर्नुपर्छ। उनीहरूले मानवअधिकार रक्षकहरूको हत्या, धम्की र उत्पीडनको छानबिन गर्नुपर्दछ, विरोध प्रदर्शनका क्रममा सुरक्षा बलहरूलाई अनावश्यक वा अत्यधिक बल प्रयोग गर्नबाट रोक लगाउनुपर्दछ र शान्तिपूर्ण भेला हुने अधिकारलाई उल्लङ्घन गर्ने कानुनलाई खारेज वा संशोधन गर्नुपर्दछ। बहुपक्षीय तहमा सरकारहरूले कानुन कार्यान्वयनका उपकरणको व्यापारलाई नियन्त्रण गर्न नयाँ सन्धिमा सहमति जुटाउने छलफल र वार्तालाई सहयोग र समर्थन गर्नुपर्छ तिनीहरूले गम्भिर मानवअधिकार उल्लङ्घनका सबै ढाँचाहरूको लागि जवाफदेहिता संयन्त्रहरू पनि निरन्तर रूपमा सबल बनाउनुपर्छ। काठमाडौँमा सार्वजनिक गरिएको एम्नेस्टी इन्टरनेसनलको प्रतिवेदन २०२२ को एक अंश।

श्रोतः आइएनएस-स्वतन्त्र समाचार

## सम्झौताभन्दा बढी ...............................

रुपैयाँमा र ९ देखि १८ किलोमिटरसम्मको बाँकी सडक निर्माण गर्नका लागि आशिष/रमण जेभीले ४९ करोड ७४ लाख रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो। पटकपटक म्याद थप भएर २०७९ चैत ३० गतेसम्मका लागि अन्तिमपटक म्याद थप गरिएको छ।

प्रतिभा/वाईपी जेभीको ठेक्का सम्झौता ५ करोड ७९ लाख रुपैयाँ मूल्य समायोजन भनेर ४९ करोड ३५ लाख पुऱ्याएर हालसम्म ४५ करोड रुपैयाँ भुक्तानी भइसकेको छ। तर काम पूरा हुनसकेको छैन। लागि आशीष/रमण जेभीको ठेक्कामा ७ करोड १४ लाख रुपैयाँ भेरिएसन तथा ६ करोड ६६ लाख रुपैयाँ मूल्य समायोजन समेत गरी ६३ करोड ५४ लाख रुपैया पुऱ्याएर हालसम्म ५८ करोड ४ लाख रुपैयाँ ठेकेदारलाई भुक्तानी गरिसकिएको छ। ती दुवै प्याकेज अन्तर्गत स्पेसिफिकेसन स्ट्याण्डर्डभन्दा बढीको डिजाइन तथा लागत अनुमान तयार गरी ६२ लाख ९६ हजार रुपैयाँ ठेकेदारलाई बढी भुक्तानी दिएर अनियमितता गरिएको देखिन्छ।

यसरी गलत लागत डिजाइन तयार गरी बढी खपत देखाएर भुक्तानी गरिएको रकम असुल उपर गर्नुपर्ने भनेर महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख भएपनि हालसम्म असुलउपर गरिएको छैन। योजना कार्यालय जनकपुरका सूचना अधिकारी बेचन भण्डारी ती दुवै प्याकेज अन्तर्गत ठेक्काको अन्तिम बिल भुक्तानी हुन बाँकी नै रहेकोले त्यसबेला हिसाब गरेर असुलउपर गर्ने बताउँछन्।

यस्तै हुलाकी राजमार्ग योजना कार्यालय जनकपुरले जनकपुरको कदम चौकदेखि तिन्कौरिया हुँदै सघारासम्म सडक निर्माण गर्नका लागि ३ प्याकेजमा ३ फरक-फरक निर्माण व्यवसायीसँग २०७५ पुस २९ गतेसम्म सडक निर्माण सम्पन्न गरिसक्ने भनेर सम्झौता गरिएको छ। तर हालसम्म सडक निर्माण सम्पन्न हुनसकेको छैन।

जनकपुरदेखि १२ किलोमिटरसम्म पहिलो प्याकेज अन्तर्गत लामा/रमण जेभीसँग २७ करोड ९५ लाख रुपैयाँमा सडक निर्माण गर्ने सम्झौता गरिएको थियो।

सूचना अधिकारी भण्डारीका अनुसार ठेक्कामा ३ करोड ९९ लाख रुपैयाँ भेरिएसन र ३ करोड ६२ लाख मूल्य समायोजन समेत गरिएको छ। हालसम्म २६ करोड ४८ लाख रुपैयाँ भुक्तानी गरिसकिएको ठेक्काको म्याद २०७९ चैत ३० गतेसम्म अन्तिम पटकको लागि थपिएको छ।

दोस्रो प्याकेज अन्तर्गत पनि सोही जेभीले २२ करोड ९७ लाख रुपैयाँमा ठेक्का पाएको थियो। त्यस ठेक्कामा पनि २ करोड ७५ लाख भेरिएसन र ३ करोड ५५ लाख मूल्य समायोजन गरिएको छ। हालसम्म २५ करोड ८२ लाख रुपैयाँ ठेकेदारले भुक्तानी पाइसकेको छ।

तेस्रो प्याकेज अन्तर्गत ढुकुचु कन्सट्रक्सनले १९ करोड १४ लाख रुपैयाँमा २०७४ असार ३० गते ठेक्का पाएको थियो। ठेक्कामा पनि ९७ लाख रुपैयाँ मूल्य समायोजन भएर हालसम्म १४ करोड ५६ लाख रुपैयाँ भुक्तानी भइसकेको छ।

महालेखा परीक्षक कार्यालयको ५९औं वार्षिक प्रतिवेदन २०७९ मा लागत अनुमानभन्दा बढी परिमाणमा ठेक्का स्वीकृत गर्नेलाई जिम्मेवार बनाई यस्तो कार्यमा सुधार गर्नुपर्ने बताएका थिए। 'निर्देशनालयले ठेक्का व्यवस्थापन गरी सम्झौता गरेका ९ ठेक्कामध्ये ४ ठेक्काका आइटममा लागत अनुमानमा उल्लेख भएभन्दा बढी परिमाण राखी ठेक्का सम्झौता गरेको छ। लागत अनुमानभन्दा बढी परिमाण राखी १ करोड १२ लाख बढी रकमको ठेक्का सम्झौता गरेको नियमित नदेखिएको महालेखाको प्रतिवेदनमा उल्लेख छ।

स्ट्यान्डर्ड स्पेसिफिकेसनले तोकेकोभन्दा बढी दरले लागत अनुमान स्वीकृत गरी ठेक्का सम्झौता गर्दा १ करोड १८ लाख १९ हजार रुपैयाँ राज्यलाई थप व्ययभार पर्न गएको छ। माथि उल्लेखित केही सडक, केही पुल उदाहरण मात्र हुन्। हुलाकी राजमार्ग निर्माणका क्रममा विभिन्न योजना कार्यालयमार्फत भइरहेको निर्माण कार्यमा व्यापक अनियमितता भएको देखिन्छ।

हुलाकी राजमार्गको निर्माण कार्य सुरू भएको १६ वर्षमा संशोधित लागत अनुमान ६५ अर्ब २० करोड रुपैयाँमा हालसम्म ५६ अर्ब रुपैयाँ खर्चिएर ९ सय २८ किलोमिटर सडक मात्र निर्माण हुनसकेको छ। आयोजना अन्तर्गत पूर्व-पश्चिम सडकको लम्बाई ९ सय ७५ किलोमिटर रहेको छ भने उत्तर-दक्षिण जोडिने सहायक सडकको लम्बाई ८ सय ८२ किलोमिटरसहित १ हजार ८५७ किलोमिटर छ।

## द्वन्द्वको व्यथा...................................

राल-सिंगान झार्दै रुँदै भन्न थालिन्, 'कुन पापीले फेरि मेरो भाइलाई मारे ?' बुधेले भने 'खोइ क्रान्तिकारी हुन् भन्ने हल्ला छ, को हुन् क्रान्तिकारी भनेका खोइ के हो वादी पो भन्छन्। भैगो धेरै नबोल हामीले पनि ज्यान जोगाउनुपर्छ, हामी दुई घट्टको च्यापोमा छौं । साइली भाउजूलाई छातीमा गोली लागेको छ बाँच्न गाह्रै छ, अस्पताल लगेका छन् गाउँलेले नै।'

बूढीआमै मने सँगै रोइन् । सुन्तली र रमेश पनि आँगनको डिलमा बसेर टोलाएर हेरिरहे । केही दिनपछि खबर आयो, साइली पनि वितिन् अरे । साइलाका तीन छोरी र एक छोरो। छोरीहरूको बिहे भइसकेको रहेछ। अब भने मनबहादुर पनि फुपूसँग बस्न थाल्यो। तर यी बूढीआमैले भने पीडै-पीडाको कथा बोकेकी छन्।

हिंसा र प्रतिहिंसाको शिकार भएको छ, यो परिवारको इतिहास । मने, रमेश र मखमली बीच कुराकानी चल्थ्यो । एउटाले भन्थ्यो, 'तिम्रा बालाई फौजीले माऱ्यो ।' अर्कोले भन्थ्यो, 'मेरा बा-आमालाई क्रान्तिकारीले मारे यी दुवै बदमास हुन् । हामीले दुवैसँग बदला लिनुपर्छ।'

यो २० वर्षअघिको कुरो हो । देश गृहयुद्धको चपेटामा परेको थियो केही उज्यालो देखियो । हिंसा-प्रतिहिंसा रोक्ने सहमति भयो । पटक-पटकको वार्तापछि राजनीतिले कोल्टे फेऱ्यो । तर बूढीआमै इतिहास बोकेर बाँचेकी छिन्। उनले ८५ वसन्त पार गरिसकेकी छन्, उनको मनमा पीडाको ज्वाला बलिरहेको छ तर उनमा बदलाको भाव छैन। कोसँग बदला ? तर मखमली, रमेश र मनेको उमेर युवावस्थामा पुगिसक्यो। उनीहरू एउटै घरमा बस्छन् । बिडम्वना उनीहरूमा एक खालको भिन्नाभिन्नै धारणाले जरो गाडेको छ । रमेश र मखमलीको धारणा सरकारी फौजप्रति नकारात्मक छ। उनीहरू बीच बाबुको हत्याको बदला लिने कुरा पनि चल्छ। कोसँग बदला ? त्यसो नगरौं फेरि मारामार होला, अरू ज्यान जालान्। ती मार्ने कहाँ पुगे ? बदलाको निहुँमा निर्दोष पर्न सक्छ भन्ने भनाइ मखमलीको छ। तर रमेश र मनेमा बदलाको भाव मरेको छैन। मनेमा क्रान्तिकारीप्रतिको धारणा सकारात्मक छैन। पहिले पहिले सामान्य कुरा भए पनि दुवै थरीको उमेर सँगै उनीहरूका आ-आफ्ना धारणा बलियो बन्दै आए। कहिलेकाहीं उच्चस्वरमै उनीहरू वाद-विवाद पनि गर्न थाले।

बूढीआमाको मनमा भने कुनै पक्ष नै छैन । उनले निर्वाध, निर्भाव, निष्कलंक गाथा बोकेकी छन्। तर नातिनातिनाको पक्ष-विपक्षको तर्कले उनको मनमा ठूलो आँधी चल्छ, कालो बादल मडारिन्छ । उनी २० वर्ष अघिको पीडाको बीउले फेरि इतिहास नदोहोरियोस् भनी दिन गनेर बसेकी छन्।

समयसँगै युद्धको सम्बन्धमा बेला-बेलामा चर्चा भइरहन्थ्यो । कतिले यस सम्बन्धमा शोध पनि गर्न थाले। यसै सिलसिलामा एक जना शोधकर्ता बूढीआमैकहाँ पुग्छ। आमै ओछ्यान परेकी छिन्। शोधकर्ता बूढीआमैबाट धेरै कुरा बुझ्न प्रयास गर्छ । तर उनी धेरै कुरा गर्न सक्दिनन्। बोल्न खोज्दा नै सास बढेर आउँछ । शोधकर्ताले विस्तारै कानमा मुख लगेर सोध्ने प्रयास गर्छ । 'तपाईंको अन्तिम इच्छा के छ ?' बूढीआमै लर्खराएको स्वरमा केही भन्छिन् । वरिपरि रहेका कसैले पनि उनको कुरा बुझ्दैनन्। तर नजिकै बसेकी मखमलीको आठवर्षे छोरीले केही बुझ्छे र भन्छे हजुरआमाले भनेको 'हाम्रो हजुरबुवा र आमा तथा मामाघरको ठूलो हजुरबा र हजुरआमा जस्तै गरी कसैले कसैलाई नमारोस्। त्यो दिन गाउँमा फेरि नफर्कियोस् रे !'

शोधकर्ता त्यो कुरा डायरीमा नोट गरेर पल्लोगाउँतर्फ लाग्दछ । भोलिपल्ट ऊ बूढीआमाका कुराको विश्लेषण गर्दै कुलोमाथिको बाटोमा हिंड्दै गर्दा देख्छ, पर एकोहोरो शंख बज्दैछ, मलामीहरू घाटतिर ओर्लंदैछन् । शोधकर्ता देख्छ पछिपछि उनै इतिहासकी साक्षी बूढीआमाकी पनातिनी (मखमलीकी छोरी) 'हजुरआमा हजुरआमा' भनी कुद्दै छे। यसरी एउटा सिंगो इतिहास सेलाउँदै गरेको कुरा लेख्दै गर्दा शोधकर्ताको आँखाबाट दुई थोपा आँशु टप्लक्क झर्दछन्।अनलाईन खवरबाट

# ‘आदिपुरुष’ ५०० करोडको कार्टुन भन्दै आलोचना




एजेन्सी
रामनवमीको अवसरमा प्रभास र कृति सेनन स्टारर दक्षिण भारतीय फिल्म ‘आदिपुरुष’को पोस्टर सार्वजनिक भएको छ । पोस्टरमा कृति, प्रभास र सन्नी (माता सीता, भगवान राम र लक्ष्मण)को गेटअपमा देखिएका छन् । निर्माण पक्षले फिल्मको नयाँ रिलिज मिति पनि घोषणा गरेको छ । तर फिल्मको लुक र पात्रबाट दर्शक अझै सन्तुष्ट छैनन् ।

बिहीबार बिहान प्रभासले पोस्टर रिलिज गर्दै फ्यानलाई रामनवमीको शुभकामना दिएका छन् । उनले अंग्रेजी, हिन्दी र तेलुगूमा क्याप्सन लेखेका छन्, ‘ तिम्रो नाम मन्त्रभन्दा ठूलो छ, जय श्रीराम ।’ प्रभासबाहेक निर्देशक ओम राउत र कृति सेननले पनि यो पोस्टर आफ्नो सोसल मिडिया ह्यान्डलमा सेयर गरेका छन् ।

नयाँ पोस्टर सार्वजनिक हुनेबित्तिकै सामाजिक सञ्जालमा प्रयोगकर्ताहरूले चर्को ट्रोल गरिरहेका छन् । एक प्रयोगकर्ताले कमेन्ट लेखेका छन्, ‘मजाक चलिरहेको छ कि दिमागमा जे आउँदैछ त्यो बनाएर राखियो । अर्थात् श्रीरामको अर्कै भव्य अवतार छ, उनी फिल्मबाट पूरै गायब छन् । आदिपुरुष पैसाको बर्बादी हो र यसले हिन्दूको धार्मिक भावनामा चोट मात्र पुर्‍याइरहेको छ । अर्का प्रयोगकर्ताले लेखे, ‘कार्टुन चलचित्र ।’ अर्का प्रयोगकर्ताले लेखेका छन्, ‘छोड्नुहोस्, किन कसैको संस्कृतिको खिल्ली उडाउँदै हुनुहुन्छ ।’

महिनौंअघि टिजर रिलिज भएदेखि नै दर्शकले हनुमानको लुकलाई लिएर निराश छन् । उक्त टिजरमा हनुमानको अनुहार मुस्लिम धर्माका पात्रजस्तो देखिएका फ्यानको आरोप छ । यसबारेमा एक फ्यान लेख्छन्, ‘सबै ठीक छ तर दर्शकले हनुमानजीको चरित्रलाई मन पराउँदैनन् ।’ अर्का प्रयोगकर्ता लेख्छन्, ‘हामी हनुमानको लुकलाई स्वीकार गर्दैनौं । अर्का प्रयोगकर्ताले लेखेका छन्, ‘यसभन्दा कार्टुनको भीएफएक्स पनि राम्रो छ, धेरै बेकारको पोस्टर ।’ ‘भाइ, यति धेरै सुधार भएको छ भने कम्तीमा हनुमानजी हुनुपर्थ्यो, त्यसैले ऊ अर्कै धर्मको हो जस्तो देखिन्छ,’ अर्का प्रयोगकर्ताले लेखेका छन् ।

‘आदिपुरुष’ यसअघि जनवरी २०२३ मा रिलिज हुने तयारीमा थियो तर टिजरको विवादलाई ध्यानमा राख्दै निर्माताले यसको रिलिज मिति थपेका थिए । टिजर रिलिजपछि फिल्ममा रावण, सीता र हनुमानको लुकलाई लिएर निकै हंगामा भएको थियो । यति मात्र होइन, फिल्मलाई प्रतिबन्ध लगाउन पनि माग गरिएको थियो, जसलाई ध्यानमा राख्दै निर्माण पक्षले फिल्मलाई कुनै विवादरहित ढंगले रिलिज गर्न यसमा धेरै परिवर्तन गर्न बाध्य पारेको थियो । ‘आदिपुरुष’ १६ जुनमा विश्वव्यापी रूपमा रिलिज हुँदैछ ।

# प्रियंका चोपडाले विवाहअघि नै गराएकी थिइन् डिम्ब फ्रिज



एजेन्सी
अभिनेत्री प्रियंका चोपडाले हालैको एक पोडकास्ट अन्तर्वार्तामा निजी जीवनसँग जोडिएका केही अनौठा कुरालाई खुलासा गरेकी छिन् । ३० वर्षको उमेरमा आमाको सल्लाहमा डिम्बलाई फ्रिज गरेको उनको भनाइ छ । प्रियंकाकी आमा मधु चोपडा स्त्रीरोग विशेषज्ञ हुन्, उनी ३५ वर्षपछि महिलालाई आमा बन्न निकै कठिनाइको सामना गर्ने बताउँछिन् ।

यस कारणले गर्दा प्रियंकाले सम्पूर्ण मेडिकल प्रक्रियाद्वारा डिम्बलाई फ्रिज गरिन् । विवाहको चार वर्षपछि अर्थात् २०२२ मा उनले सरोगेसीमार्फत छोरी मालतीलाई जन्म दिइन् । प्रियंकाले ड्याक्स शेफर्डलाई दिएको पछिल्लो अन्तर्वार्तामा आफूले सधैं बच्चा चाहेको बताएकी छन् ।

उनले भनेकी छन्, ‘मलाई बच्चाहरु मन पर्छ । म आमा बन्न चाहन्थें किनभने मलाई बच्चाप्रति गहिरो स्नेह छ । मैले युनिसेफमा पनि बालबालिकासँग धेरै समय बिताएँ । मेरी आमा एक पेशेवर स्त्रीरोग विशेषज्ञ हुनुहुन्छ, उहाँले मलाई महिलाको उमेर बढ्दै जाँदा आमा बन्न समस्या हुनसक्ने सल्लाह दिनुभयो ।’

प्रियंकाले थप भनिन्, ‘जब मैले डिम्ब फ्रिज गरें, त्यतिबेलासम्म मेरो विवाह पनि भएको थिएन । मैले निकसँग डेट पनि गरिनँ । डिम्ब फ्रिज गरेपछि, मैले धेरै स्वतन्त्रता महसुस गरें, किनभने कतै मैले मेरो करिअरमा अझै धेरै हासिल गर्न बाँकी थियो ।’ कामकाजी महिलाले यसबारे सोच्नुपर्ने उनको सुझाव छ । प्रियंकाले काम गर्ने महिलालाई पैसा बचाएर डिम्ब फ्रिज गर्नेबारे सोच्न सुझाव दिएकी छन् । यसले केही फरक पार्दैन । जमेका एग्सको उमेर सधैं एउटै हुन्छ ।’

प्रियंकाले सन् २०१८ मा अमेरिकी गायक निक जोनससँग विवाह गरेकी थिइन् । विवाह राजस्थानको उदयपुरस्थित उम्मेद प्यालेसमा भएको थियो । विवाहपछि उनले सन् २०२२ मा सरोगेसीमार्फत छोरी मालतीलाई जन्म दिइन् । प्रियंकाले आमा बन्न सरोगेसी रोजेकी थिइन् किनभने उनलाई केही मेडिकल समस्या थियो । प्रियंकाले सामाजिक सञ्जालमा हरेक दिन छोरीको पोस्ट सेयर गर्छिन् ।

यस अन्तर्वार्तामा प्रियंकाले अन्य धेरै कुराको बारेमा कुरा गरेकी छिन् । उनले बलिउडमा सुरुका दिनमा आफूलाई कालो मानिने गरेको अनुभव सुनाएकी छन् । फिल्ममा उनीहरुलाई निष्पक्ष देखाउन क्रिम आदि प्रयोग गरिन्थ्यो । उनले भनिन्, ‘ फिल्ममा कास्टिङ गर्दा गोरालाई फाइदा हुन्छ । धेरै फिल्ममा मलाई सुन्दर देखाउन मेकअप र लाइटिङको प्रयोग गरियो ।’

उनी अघि भन्छिन्, ‘सन् २००० मा ब्युटी क्रिमको विज्ञापन गर्दै थिएँ । त्यो विज्ञापनमा एक केटाले अँध्यारो भएको कारणले मलाई अस्वीकार गरेको देखाइएको छ । पछि म त्यो ब्युटी क्रिम प्रयोग गर्न थाल्छु र त्यसपछि म गोरो भएँ र सबै कुरा पर्फेक्ट हुन्छ । मेरो मतलब, यी धेरै बकवास चीज जस्तो देखिन्छ । त्यसबेलादेखि मैले ब्युटी क्रिमहरू जोड्न छोडें ।’

# एप्पलले फिल्म निर्माणमा बर्सेनी १ बिलियन डलर खर्च गर्ने



एजेन्सी
प्रविधिसम्बन्धी अग्रणी अमेरिकी कम्पनी एप्पलले फिल्म निर्माणमा बर्सेनि एक बिलियन डलर खर्च गर्ने योजना सार्वजनिक गरेको छ । हलिउडमा प्रतिष्ठा बढाउने र स्ट्रिमिङ सेवामा दर्शकलाई लोभ्याउने एक महत्वाकांक्षी प्रयासको रुपमा यसलाई लिइएको ब्लुमबर्गले जनाएको छ ।

एप्पलले यस वर्ष हलमा रिलिज हुने र भविष्यमा थप फिल्मको स्लट तय गर्नेजस्ता साझेदारीको बारेमा स्टुडियोहरुसँग सम्पर्क गरिरहेको छ । सम्भावित रिलिजको सूचीमा मार्टिन स्कोरसेसको ‘किलर्स अफ द फ्लावर मुन’ समावेश छ, जसमा लियोनार्दो डिक्याप्रियोले अभिनय गरेका छन् । यो फिल्म अक्टोबर ६ मा प्रदर्शन हुने भेराइटी म्यागजिनले उल्लेख गरेको छ ।

म्याथ्यु वोन निर्देशित जासूस थ्रिलर ‘अर्गिल’, फ्रान्सेली शासक नेपोलियन बोनापार्टबारे रिडले स्कटले निर्देशन गरेको ‘नेपोलियन’बारे साझेदारीको प्रयास भइरहेको जनाइएको छ । विगतका वर्षको तुलनामा लगानीमा उल्लेख्य वृद्धि भएको छ । एप्पलका धेरैजसो अघिल्ला मूल फिल्महरु या त स्ट्रिमिङ सेवाका लागि विशेष भएका छन् वा सीमित संख्यामा थिएटरमा रिलिज भएका छन् । कम्पनीले कम्तीमा एक महिनाका लागि हजारौं हलमा फिल्म प्रदर्शन गर्ने जनाएको छ ।एप्पलले अझै यी फिल्मलाई थिएटरमा कसरी वितरण गर्ने भनेर निधो गरिसकेको छैन । कम्पनीसँग विश्वभरका हजारौं हलमा एकैपटक फिल्म रिलिज गर्ने आन्तरिक च्यानल छैन, त्यसैले तेस्रो पक्ष वितरकसँग सम्पर्क गरिरहेको छ । तर पहिले एप्पलले सम्भावित साझेदारसँग वितरण शुल्क र मार्केटिङ बजेटमा सर्तहरु मान्नु जरुरी छ । स्टुडियोले ठूला फिल्मको प्रवर्द्धन गर्न १०० मिलियन डलर वा बढी खर्च गर्न सक्छन् । प्यारामाउण्ट पिक्चर्सले स्कोरसेसको उक्त फिल्मलाई फिल्म थिएटरमा रिलिज गर्नेछ किनभने यो फिल्मको निर्माण नै उक्त स्टुडियोदेखि सुरु भएको हो । प्यारामाउण्टले वितरणबापत एप्पलबाट १० प्रतिशत शुल्क लिनेछ । स्टुडियोले एप्पलका लागि अन्य फिल्म रिलिज गर्नेबारे सहमति जनाएको छैन । धेरैजसो स्ट्रिमिङ सेवाहरू जस्तै, एप्पल प्लसले आफ्नो बजेटको बढी हिस्सा टीभी कार्यक्रममा खर्च गर्छन् । यसको पहिलो ठूलो हिट कमेडी श्रृंखला टेड लामो थियो । तर पनि एप्पलले आफ्नो स्टुडियोको स्थापनादेखि नै फिल्मलाई आर्थिक सहयोग गर्दै आएको छ । फिल्ममा स्मार्टफोन निर्माताको महत्वाकांक्षा यतिबेला बढ्यो जतिबेला यसले २०२१ को ‘कोडा’ को लागि सर्वश्रेष्ठ फिल्म विधामा ओस्कार अवार्ड जित्यो ।

यसका अघिल्ला फिल्मले यति धेरै चर्चा पाएनन् । कोडाले बक्स अफिसमा दुई मिलियन डलरभन्दा धेरै कमाइ गरेको थियो । टम हल्याण्ड अभिनित क्राइम ड्रामा ‘चेरी’ले सन् २०२१ रिलिज हुँदा खासै कमाउन सकेन । प्रविधिका दिग्गज कम्पनीहरु एप्पल र अमेजनले मनोरञ्जनमा आफ्नो लगानी बढाइरहेका छन् भने अन्य ठाउँमा लागत कटौती गरिरहेका छन् । अमेजनले हजारौं कामदारलाई निकालेको छ, जबकि एप्पलले कर्मचारीलाई अहिलेसम्म जान नदिई लागत कटौती गरिरहेको छ ।

# शाहरुख र सलमान एउटै फिल्ममा, ‘टाइगर भर्सेस पठान’को छायांकन हुंदै



एजेन्सी
यशराज फिल्म्सको महत्वाकांक्षी फिल्म बताइएको ‘टाइगर भर्सेस पठान’को छायांकन आगामी वर्षको जनवरीदेखि सुरु हुने भएको छ । भारतीय सञ्चारमाध्यमका अनुसार यो फिल्मको शीर्ष भूमिकामा सलमान खान र शाहरुख खान देखिनेछन् । बलिउडका यी दुई स्टारले सन् १९९५ को फिल्म ‘करण अर्जुन’मा सहकार्य गरेका थिए ।

यशराजले यो फिल्मलाई लिएर अहिले नै विस्तृत बताएको छैन । व्यापक ढंगमा फिल्मको घोषणा गर्ने उसको तयारी छ । तर यो स्पाइ युनिभर्स ‘टाइगर भर्सेस पठान’को काम सुरु भइसकेको छ । फिल्मलाई आगामी जनवरी २०२४ मा रिलिज गर्ने योजना छ । हालै रिलिज भएको ‘पठान’मा पनि सलमानको विशेष भूमिका थियो । यही फिल्मबाट यशराजले हलिउड स्टुडियो शैलीलाई पछ्याउँदै स्पाइ युनिभर्स निर्माण गर्ने घोषणा गरेको हो ।

‘निर्माता आदित्य चोपडाले यो प्रोजेक्टलाई लिएर सबै कुरा गोप्य राखिरहेका छन् किनभने यशराजले दीर्घकालीन सोच राखेर यसलाई अघि बढाउने जनाएको छ । उसै त सलमान र शाहरुख एकसाथ फिल्म खेल्ने कुरा दुर्लभ हो, दैनन्दिन हुने कुरा पनि होइन,’ बलिउड हंगामाले लेखेको छ ।यशराज युनिभर्समा अहिलेका शक्तिशाली फ्रेन्चाइजीहरु एक था टाइगर (२०१२), टाइगर जिन्दा है (२०१७), वार (२०१९) र अब पठान जस्ता ब्लकबस्टर फिल्मको संलग्नता हुनेछ । ‘पठान’को रुपमा अब यशराजसँग भारतीय फिल्ममा सर्वाधिक कमाउने हिन्दी फिल्म समेत छ ।यशराजको जासूस ब्रह्माण्डको टाइमलाइन सन् २०१२ देखि सुरु भयो, जब सलमान खानले ‘एक था टाइगर’मा टाइगरको रूपमा जिम्मेवारी लिए । २०१७ मा सलमानले ‘टाइगर जिन्दा है’ मा सुपर-जासूसको भूमिकालाई पुनः प्रस्तुत गरे । २०१९ मा ऋतिक रोशनले यो युनिभर्समा सुपर-जासूस फिल्म ‘वार’बाट कबीरको रुपमा प्रवेश गरे ।‘पठान’बाट शाहरुख खान सुपर-एजेन्टको भूमिकामा युनिभर्समा प्रवेश गरे र अन्ततः विश्वव्यापी रुपमा ब्लकबस्टर फिल्म प्रदान गरे । यद्यपि, यस ब्रह्माण्डबाट जासूसहरूको मिलन चाहिं पठानदेखि सुरु भयो । यो फिल्ममा टाइगर र पठान एकसाथ पर्दामा देखिएका थिए ।

# चोपडाले खुलाइन् हिन्दी फिल्म छाड्नुको कारण

एजेन्सी
बलिउड अभिनेत्री प्रियंका चोपडाले एक अमेरिकी पोडकास्ट कार्यक्रममा हिन्दी फिल्म उद्योग छाड्नुको कारण खुलाएकी छन् । हिन्दी फिल्म उद्योगको राजनीतिबाट आफू दिक्क भएको र त्यहाँको कामबाट समेत सन्तुष्ट नभएको उनले बताएकी छन् ।

अमेरिकी साप्ताहिक पोडकास्ट कार्यक्रम ‘आर्मचेयर एक्सपर्ट’का होस्ट ड्याक्स शेफर्ड र मोनिका प्याडम्यानसँगको कुराकानीमा उनले धेरै विषयमा कुरा गरिन् । बलिउडदेखि हलिउडसम्मको यात्रा, भारत छाडेर अमेरिका बस्ने निर्णय, निक जोनससँगको प्रेम सम्बन्ध, पुरुष कलाकारको तुलनामा कम पैसा पाउने जस्ता धेरै विषयमा प्रियंकाले आफ्ना अनुभव बाँडेकी छन् । अभिनयदेखि गायनसम्मको आफ्नो यात्राको बारेमा पनि उनले बताएकी छन् ।

प्रियंकाले त्यतिबेला आफू बलिउडबाट बाहिरिने बाटो खोजिरहेको बताइन् । यस्तो अवस्थामा संगीतकै कारण विश्वका अन्य भाग घुम्ने मौका पाएको उनको अनुभव छ । बलिउडमा आफूले पाएको कामबाट सन्तुष्ट नभएको उनको दाबी छ । ‘यस्तो अवस्थामा गीत गाउने मौका पाएपछि बलिउड छाडेर अमेरिका गएँ,’ उनले भनिन् । सन् २०१२ मा ‘इन माइ सिटी’बाट गायन करिअर सुरु गरेकी प्रियंकाले सन् २०१८ मा अमेरिकी गायक तथा अभिनेता निक जोनाससँग विवाह गरिन् र अमेरिकामै बस्न थालिन् । गत वर्ष उनी आमा बनिन् ।

करण जोहरतर्फ तेर्सियो निशाना

प्रियंका चोपडासँग ‘फेसन’मा काम गरेकी अभिनेत्री कंगना रनौतले करण जोहरमाथि आरोप लगाएकी छन् । कंगनाले भनिन्, ‘बलिउडका बारेमा प्रियंका चोपडा भन्छिन् कि मानिसले उनलाई गिरोह बनाएर उत्पीडन गरे र फिल्म उद्योगबाट निकालिदिए । एक ‘सेल्फ मेड’ महिलालाई भारत छाड्न बाध्य पारियो । सबैलाई थाहा छ कि करण जोहरले उनलाई प्रतिबन्ध लगाएका थिए ।’अर्को ट्विटमा उनले लेखेकी छन्, ‘अमिताभ बच्चन वा शाहरुख खानको पालामा बाहिरी व्यक्तिसँग कहिल्यै शत्रुता नभएको फिल्म उद्योगको संस्कृति र वातावरणलाई नष्ट गर्नका लागि यो मानिसलाई जिम्मेवार ठहर्‍याउनुपर्छ । कंगनाले भनिन्, ‘उनको गिरोह र माफिया पीआरलाई छापा मार्नुपर्छ र बाहिरका मानिसलाई सताउन जिम्मेवार ठहराउनुपर्छ ।’

# ऐश्वर्या राय स्टारर ‘पोन्नियन सेल्वन २’ को ट्रेलर रिलिज



एजेन्सी
मणिरत्नम निर्देशित प्रतीक्षित दक्षिण भारतीय फिल्म ‘पोन्नियन सेल्वन २’को ट्रेलर सार्वजनिक भएको छ ।

गएराति चेन्नईमा आयोजित एक भव्य समारोहमा ट्रेलर सार्वजनिक गरिएको हो । चोला साम्राज्यको कथावस्तुमा आधारित यो फिल्मको पहिलो भाग हिट भएको थियो ।

दोस्रो श्रृंखलामा नन्दिनीको भूमिकामा देखिएकी ऐश्वर्या रायको पात्रको संघर्ष चोल साम्राज्यलाई नष्ट गर्न उनले गरेको षड्यन्त्रको कथावस्तुमा आधारित छ । के चियान विक्रम नन्दिनीको भूमिकामा देखिएकी ऐश्वर्याको षड्यन्त्रलाई रोक्न सक्लान् ? दोस्रो श्रृंखलाको कथावस्तु यसमा केन्द्रित हुनेछ ।

फिल्ममा तृष्णा कृष्णन, शोभिता धुलिपाला, जयम रवि, ऐश्वर्य लक्ष्मी लगायतको समेत अभिनय छ । यो फिल्म हिन्दी, तमिल, तेलुगू, मलायलम र कन्नड गरी पाँच भाषामा रिलिज हुनेछ । २५० करोड भारुमा बनेको यो फिल्म अप्रिल २८ मा रिलिज हुँदैछ । फिल्मको अघिल्लो भागले विश्व बक्स अफिसमा राम्रो कमाइ गरेको थियो ।

# चुरे अभियानी संयोजक यादव आमरण अनशनमा

मधेशदृष्टि
जनकपुरधाम, १७ चैत ।
एक महिना बढी समयदेखि २४ घण्टे धर्नामा बसेका चुरे वन जंगल संरक्षण अभियानी शुक्रबार साँझ ५ बजेदेखि आमरण अनशनमा बसेका छन् । चुरे वन जंगलको जग्गा अतिक्रमण मुक्त र भूमिहीन दलित सुकुम्बासीलाई बसोबासका भूमि अधिकारसहितका फागुन ११ गतेदेखि जनकपुरधामस्थित जनक चोकमा जनआवाज धर्ना कार्यक्रम दिँदै आएका उनीहरु ऋामरण अनशनमा जोडिएका हुन् ।




आफूहरु एक महिना ७ दिनसम्म धर्नामा बस्दा पनि स्थानीय, प्रदेश र संघीय तीन तहमध्ये कुनै पनि सरकारले मागप्रति चासो नदिएपछि अधिकारका लागि मर्नु वा मार्नु नै उचित देखिएकाले अधिकारका लागि मर्न अनिश्चितकालीन आमरण अनशनमा बसेको चुरे वन जंगल संरक्षण अभियानका संयोजक सुनिल यादवले बताए । जनआवाज आन्दोलनअन्तर्गत धर्ना कार्यक्रमसहित विरोधका कार्यक्रम जारी राख्दै संयोजक यादव जनक चोकमै आमरण अनशनमा बसेका हुन् । एकातर्फ चुरे अभियानी तथा भूमिहीन सुकुम्बासी दलित धर्नामा छन् भने अर्कोतर्फ संयोजक यादव धर्नामा बसेका छन् । उनले चुरे वन जंगल संरक्षण सहित दलित तथा अव्यवस्थित बसोबासीलाई भूमि अधिकार, वैदेशिक रोजगारमा गएका परिवारहरुको समस्या समाधान र प्रत्यक्ष निर्वाचनमा दलितको सिट सुनिश्चितालगायतका ६ बुँदे माग राखेर आमरण अनशनमा बसेको बताए । साथै उनले गत दुई वर्षअघि ९ दिनसम्मको आमरण पश्चात मधेश प्रदेश सरकारले गरेको ७ बुँदे सम्झौता कार्यान्वयन र चुरे संरक्षण सम्बन्धमा तयार पारिएको प्रतिवेदन पुनः अनुसन्धान गरी सत्यतथ्य ल्याउन माग गरेको छ। यादवले प्रतिवेदनमा वनजंगल अतिक्रमणकारीका मतियार वनका कर्मचारी सुभाषचन्द्र दासलाई बचाउन आर्थिक लोभ, दबाब र प्रभावमा ल्याइएको कारण आफूले नमानेको र पुनः सत्यतथ्य रुपमा छानबीन गरी पुनः प्रतिवेदनको माग गरिएको बताए ।

उनले भने, 'वन कर्मचारी दासलाई कारवाही गर्नु र सिरहामा मारुती सिमेन्ट उद्योगले वन बुटियानको अतिक्रमण गरेको ३ बिघा भन्दा बढी जग्गा अतिक्रमणमुक्त गराउनुको सट्टा प्रदेश सरकारले सम्मान गरेर आफूहरुसँग अन्याय गरे । माग पूरा नभएसम्म आमरण अनशन जारी रहने उनले बताए । चुरे वन जंगल संरक्षण अभियानीसहित दलित, भूमिहीन र अव्यवस्थित बसोबासी एक महिने जनआवाज आन्दोलनको क्रममा धर्नासँगै विभिन्न जिल्लाका भूमिहीन सुकुम्बासी कार्यालयमा तालाबन्दी र प्रदेश सरकारका कृषि मन्त्रालयसहितका सरकारी निकाय अगाडि प्रदर्शन र तालाबन्दीलगायतका कार्यक्रम गरिसकेका छन् ।

# अमेरिकी सहयोगको प्रदेश सरकारद्वारा प्रशंसा



मधेशदृष्टि
वीरगंज, १७ चैत ।
मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले मधेश प्रदेश सरकारले प्रदेशलाई समृद्ध बनाउने लक्ष्य पूरा गर्नमा अमेरिकी सरकारले सार्वजनिक वित्त व्यवस्थापनको कार्यक्रम प्रदेशमा सञ्चालन गर्न लागेकामा खुशी व्यक्त गरेका छन् ।
मुख्यमन्त्री यादवले युएसएड सार्वजनिक वित्तीय व्यवस्थापनको जनकपुरधाममा शुभारम्भ गर्दै प्रदेश सरकार सुशासन स्थापनाका लागि प्रयत्नरत रहेको बताए ।
कार्यक्रमबाट आर्थिक अनुशासन कायम गर्न थप मद्दत पुग्ने उनको भनाइ छ । उनले कार्यक्रमले प्रदेशमा आर्थिक अनियमितता नियन्त्रण गर्न, पारदर्शिता कायम गर्न तथा प्रदेशलाई समृद्ध बनाउन मद्दत पुग्नुका साथै प्रदेश सरकारलाई थप ऊर्जा प्राप्त हुने विश्वास व्यक्त गरेसामाजिक विकासमन्त्री सुरिता कुमारी साहले सार्वजनिक क्षेत्रको वित्तीय व्यवस्थापनका लागि अमेरिकी सरकारको सहयोग लागु हुन लागेको सार्वजनिक वित्तीय व्यवस्थापनसम्बन्धी परियोजना महत्वपूर्ण भएको बताइन् । नेपालका लागि अमेरिकी राजदूत डिन थम्सनले सार्वजनिक वित्तीय व्यवस्थापनमार्फत प्रदेशमा सुशासन कायम भएर लोकतन्त्र बलियो बन्ने विश्वास अमेरिकी सरकारको रहेको बताए ।
अमेरिकी सरकारले अमेरिकी विकास नियोग (युएसआइडी) मार्फत मधेश र लुम्बिनी प्रदेशमा पाँच वर्षका लागि संघीय, प्रदेश तथा स्थानीय तहसँग मिलेर सार्वजनिक वित्तीय व्यवस्थापनलाई सुदृढ बनाउने लक्ष्य लिएको छ । यी तीन वटा सरकारको निकायमार्फत सार्वजनिक वित्तीय व्यवस्थापन कार्यक्रमका लागि २ अर्ब ६२ करोड रुपैयाँ खर्च गरिने जानकारी दिइएको छ ।

# महानगरले डोजर लगाएर हटायो घरटहरा

मधेशदृष्टि
वीरगंज, १७ चैत ।
वीरगंज महानगरपालिकाले वडा नम्बर २५ ड्राइपोर्ट नजिकै सार्वजनिक जग्गा अतिक्रमण गरी निर्माण गरिएका १७ वटा पक्की तथा कच्ची घर डोजर लगाएर हटाएको छ ।
विभिन्न व्यक्तिले ड्राइपोर्ट चोकनजिकै करिब १७ कट्ठा सार्वजनिक जग्गामा निर्माण गरिएका संरचना महानगरपालिकाले हटाएको हो ।
शुक्रबार बिहान वीरगंज महानगरपालिकाबाट खटिएको टोलीले सार्वजनिक जग्गा अतिक्रमण गरी बनाइएका ४ वटा पक्की घरसहित १७ वटा घरटहरा डोजर लगाएर हटाएको वीरगंज महानगरपालिकाका प्रशासन महाशाखा प्रमुख राजकृष्ण ताम्राकारले जानकारी दिए । केही व्यक्तिले सार्वजनिक जग्गा वर्षौंदेखि अतिक्रमण गरेर प्रयोग गरिरहेको जानकारी पाएलगत्तै नक्सासहित पुगेको महानगरको टोलीले नापजाँच गरेर सार्वजनिक जग्गा अतिक्रमित गरेर बनेका संरचना हटाएको ताम्राकारले बताए ।



अतिक्रमण हटाउने क्रममा स्थानीयले अवरोध गर्न खोजेपछि जिल्ला प्रहरी कार्यालय पर्साबाट सुरक्षाकर्मीको टोली घटनास्थलमा पुगेपछि नगर प्रहरीसहितको टोलीले अतिक्रमित क्षेत्र खाली गराएको थियो ।
महानगरपालिकाले ३२ वटै वडामा अतिक्रमणमा परेका सार्वजनिक तथा ऐलानी जग्गा खोजी गर्न समिति नै बनाएर काम गरिरहेको वीरगंज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले बताए ।
यसअघि वीरगंज महानगरपालिकाले वडा नम्बर १९ र २४ मा अतिक्रमित १७ बिघा भन्दा बढी सार्वजनिक जग्गा अतिक्रमण मुक्त गरी महानगरपालिकाको स्वामित्वमा ल्याएको सिंहले बताए ।
नगर क्षेत्रका ३२ वटै वडामा रहेका सार्वजनिक जग्गा खोजी गर्न तथा अतिक्रमणमुक्त गराउन वडा नम्बर ५ का अध्यक्ष प्रदीप चौरसियाको संयोजकत्वमा गठित समितिले अतिक्रमण खाली गराउने अभियालनलाई तिव्रता दिएको छ ।

# सिमसारको जग्गा व्यक्तिका नाममा दर्ता

मधेशदृष्टि
वीरगंज, १७ चैत ।
रौतहटको चन्द्रपुर नगरपालिका वडा नम्बर ८ स्थित मरधर सिमसारको जमिन व्यक्तिको नाममा दर्ता गरी अतिक्रमण भएको छ । ८० बिघा क्षेत्रफलमा फैलिएको सिमसार क्षेत्रको जमिनमध्ये ५० बिघाभन्दा बढी जमिन व्यक्तिको नाममा दर्ता भएको हो ।
२०४६ सालमा मकवानपुरको धियाँलबाट हटाइएका नागरिकलाई वन क्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगले रौतहटको साबिक रङ्गपुर गाविसस्थित कटानी भन्ने स्थानमा स्थानान्तरण गरेको थियो । सोही बखत आयोगले सिमसारको जमिन पनि व्यक्तिको नाममा दर्ता गराएको अभिलेख रहेको मालपोत कार्यालय चन्द्रपुरका अधिकृत केशव भट्टराईले बताए । सात कट्ठादेखि १५ कट्ठासम्मका जमिनको १ सय १६ वटा स्रेस्ता कायम भएको पाइएको छ ।
१० वर्षसम्म बेचबिखन तथा हक हस्तान्तरण गर्न नपाइने सर्त रहेको जमिन अहिले अधिकांशले बेचिसकेका छन् । २०४६ साल असारमा साबिक सन्तपुर गाविस-८ का बाबुराम अधिकारी, कृष्णहरि दाहाल, छविलाल अधिकारीको नाममा जनही १० कट्ठा, गजाधर उपाध्यायको नाममा सात कट्ठा, चिरञ्जिवी पराजुलीको नाममा १४ कट्ठा दुई धुर गरी १ सय १६ जनाको स्रेस्ता कायम भएको छ । बेचबिखन भई बचेको सिमसारको जमिन अतिक्रमणसमेत भएकाले करिब १० बिघा क्षेत्रफल बेचेको हुनसक्ने स्थानीय जनकराज भारतीले बताए । उनका अनुसार सिमसारमा दुर्लभ चराहरू सारस, पानीहाँस, भिल्लालगायत जाडो छल्न साइबेरियन चरासमेत आउने गरेका थिए । सिमसार क्षेत्र साँघुरिएपछि ती चरासमेत आउन छाडेका छन् ।

# पक्राउ परेनन् अखाद्य सामग्री रिप्याकिङ गर्ने उद्योगका सञ्चालक

## *घटना मिलाउन रकमको चलखेल, संचालक पक्राउ गर्न आनाकानी*

हरिशंकर शर्मा
वीरगंज, १७ चैत ।
वीरगंजको पावरहाउस चोकस्थित म्याद सकिएको खाद्यान्न सामग्री पुनः रिप्याकिङ गर्ने उद्योगका तीन सञ्चालक अझै फरार छन् ।
चैत १४ गते विशेष सूचनाका आधारमा पर्साका प्रहरी नायब उपरीक्षक दीपक गिरीको नेतृत्वमा गएको टोलीले वीरगंज महानगरपालिका-१३ श्रीपुरस्थित दुईवटा फर्मको खाद्यान्न सामग्रीको गोदाममा छापा मारेर सामान बरामद गरेको थियो । २७ हजार किलो भन्दा बढी म्याद सकिएको खाद्यान्न सामग्री बरामद गर्नुका साथै ३ कर्मचारी पक्राउ परे पनि उद्योगका सञ्चालक प्रहरीले खोज्न तदारुकता नदेखाएको पाइएको छ ।




'फुडको नेपाल ऋप' ले बाहिरबाट विभिन्न ब्रान्डका म्याद सकिएका खाद्यान्न सामग्री बजारबाट संकलन गरेर ल्याउने र त्यही कम्पाउन्डभित्र रहेको 'स्नेक एण्ड प्याक' उद्योगले म्याद सकिएको खाद्यान्न सामग्री रिप्याकिङ गरी नयाँ लेबल टाँसेर बजारमा बिक्री वितरण गरिरहेको पाइएपछि प्रहरीले उद्योगमा छापा मारेको हो । दुईवटै उद्योगका सञ्चालक वीरगंज-७ का सञ्जय अग्रवाल, विद्या कुमारी सरावगी र चितवन, भरतपुर-३ का सत्तोष कुमार अग्रवाल हुन् । खाद्यान्न उद्योगमा छापापछि तीनै संचालक फरार छन् । फरारमध्ये विद्याकुमारी सरावगी वीरगंज महानगरपालिकाका पूर्वमेयर विजय सरावगीका आफन्त रहेका कारण पक्राउ नगरिएको पाइएको छ । सञ्चालक तीनैजना वीरगंजमै रहे पनि प्रहरीले पक्राउ गर्न नसकेको हो । घटना मिलाउन वीरगंजका वरिष्ठ पत्रकार, व्यापारीको दौडधूप सुरु भएको पाइएको छ ।
विजय सरावगी तत्कालीन मेयर हुँदा बखतदेखि नै नजिक रहेका ती पत्रकारले यस घटनालाई सामसुम पार्न जिम्मा लिएको र प्रहरीसँग सेटिङ भइसकेका कारण सञ्चालकलाई पक्राउ गर्न आनाकानी गरिरहेको बताइएको छ । घटना सामसुम पार्न ठूलै रकमको चलखेल भइरहेको स्रोतले बतायो ।
उद्योगले ड्राइफुड र मसला पदार्थ प्याकिङ गर्न घरेलु तथा साना उद्योग कार्यालयबाट अनुमति लिई म्याद सकिएको खाद्यान्न सामग्री रिप्याकिङ गरी नयाँ मितिको लेबल टाँसी बिक्री वितरण गगरिरहेको थियो । मसला, सस, मह, चकलेट, सेम्पु, सेवई, स्नेक, बिस्कुट, जिरा, गरम मसला, विभिन्न मिठाइ फ्लेबरका पाउडरलगायतका खाद्यान्न सामग्रीहरु उद्योगबाट बरामद भएको थियो ।
प्रहरी उपरीक्षक कोमल शाह फरार सञ्चालकको खोजी भइरहेको बताउँछन् । घटनामा संलग्नविरुद्धको मुद्दामा थप अनुसन्धान भइरहेकोर सम्पर्कविहीन रहेका कारण पक्राउ गर्न नसकिएको उनको भनाइ छ ।


# JOBS DESCRIPTION :

Closely work with L1 technical support to resolve customer end technical issues with designated SLA Train.
Monitoring and administrating network (Switches, Firewall, Routers, Wireless equipment) and server
Provide on the job technical training to L1 technical support. Work closely with Systems/Network troubleshooting team in order to resolve complex support issues needing multidiscipline approach.
Responsible for coordinating with field operations team (onsite team) in resolving technical issues requiring field support.
Responsible for communicating field/network/systems incidents updates received from different sources to General support and L1 Technical Support.
Responsible for resolution of technical issues of all the customers.
Demonstrates the ability to lead, communicate and champion Dish Home Principles and Standard Operating Procedures.
Provides coaching and training ton performance expectations.

**JOB SPECIFICATION**
Completed Bachelor's degree in IT faculty (BE, BSC.CSIT, BIT) or running last semester.
Non-technical (B.B.S) background with 2 years of experience in related field.
Intermediate (HSEB) with 5 years of experience in related sector.
Working knowledge on Customer Support Department.
Familiar with the ISP industry.
Excellent interpersonal and communication skills.
Proficient in Microsoft Office.

jobs title : L2 support engineer
experience : 4-5 years (in related field)
No. of Positions : 2-3
Department : Technical support , customer services & operations
Role : Technical support
Employment Type : full time, permanent
Education : Bachelor in related field

**Duty staion : LIMPID ICT SOLUTION PVT. LTD. JANAKPUR**

**Applying Instruction:**
Interested candidates meeting mentioned criteria are requested to send their resume at limpid.ict.solution@gmail.com or dipeshsah@limpid.net.np
contact no : +9779801671593


मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका–१५, दर्ता नं. ३११–०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.–२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल